# परिच्छेद : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपालको ऐतिहासिक पृष्ठभूमिलाई केलाउदा शिक्षाको विकाश समुदायकै पहलमा भएको पाइन्छ । वि.स. १९९६ मा जारी शिक्षाको इस्तिहार र वि.स. २००७ साल सम्मको शिक्षा केन्द्रित शासनप्रणलीको व्यवस्था अर्न्तगत संचालित थियो । वि.स. २००७ सालमा प्रजातन्त्र आएपछि वि.स. २०२८ साल सम्म जनसहभागिताबाट नै विद्यालयहरू संञ्चालित थिए । केहि सरकारी विद्यालयहरूमा बाहेक त्यतिबेला विद्यालय भवन निर्माण देखि शिक्षक तलब भत्ता समेत स्थानिय तहमा नै व्यहोरिन्थ्यो । वि.स. २०२८ सालको रा.शि.प.योजना र शिक्षा ऐन नियमको व्यवस्थाबाट शिक्षामा अर्धकेन्द्रित अवधारणा आयो । फलतः केहि प्रतिशत खर्च रकम सरकारले र केहि प्रतिशत स्थानिय संञ्चालक समितिले ब्यहोर्ने गरेको देखियो ।

वि.स. २०४६ सालको जनआन्दोलन पश्चात अर्थात प्रजातन्त्रको पुर्नस्थापना भएपछि शिक्षालाई सरकारको मुख्य दायित्व भित्र समाबेश गरी जनसहभागितालाई न्यूनिकरण गर्ने काम भयो । पुनः २०४९ सालमा नयाँ शिक्षा नियमावली लागु भई अधिकार र जिम्मेवारी पुनः बिकेन्द्रित गरी वि.स. २०५९ सालमा शिक्षा ऐन २०२८को सातौं संशोधन गरियो । सो संशोधनले विद्यालको सर्वाङ्गीण विकासमा स्थानिय जनसहभागितालाई जोड दिइयो । विद्यालयको व्यवस्थापनसमुदायमा हस्तान्तरणा गर्ने कुरालाई शिक्षा नियमावली २०५९ को पहिलो संशोधन (२०६०)ले अझ स्पष्ट मार्ग निर्देशन गऱ्यो । विद्यालयहरूको व्यवस्थापन हस्तान्तरण कार्यक्रमलाई अरु व्यवस्थित गर्न तत्कालिन सरकारले समुदायद्धारा व्यवस्थापन हुने विद्यालय संञ्चालन कार्य निर्देशिका २०५९ जारी गऱ्यो । लोकतान्त्रिक शासन व्यवस्थाको माध्यमबाट राज्य संचालनमा विश्वास राख्ने सबै तह र तप्काले विकेन्द्रिकरणलाई सायदै स्वीकार नगर्ला भन्न सकिदैन । लाकतान्त्रिक शिक्षा प्रणालीमा विकेन्द्रिकरणको व्यवहारिक प्रयोग विना नेपालको शिक्षा क्षेत्रको उज्वल भविष्यको परिकल्पना गर्न सकिदैन ।

हाल निजी विद्यालयहरूका प्रभावकारी सञ्चालन प्रक्रियाका कारण यी विद्यालय धनीका छोरा छोरीहरू पढ्ने विद्यालयका रूपमा र सरकारी विद्यालयहरू गरिबका छोरा छोरीहरू पढ्ने विद्यालयको रूपमा स्थापित हुन पुग्यो । समुदायले विद्यालय आफ्नो हो भन्ने महशुस नगरिदिदा र स्रोत परिचालमा चासो नदेखाइएको कारणबाट सामुदायिक विद्यालयमा पूर्ण जिम्मेवारीका साथै विद्यालयको सहि व्यवस्थापन समेत हुन सकेन । विद्यालयमा रहेको भौतिक स्रोतको संरक्षण गर्ने , स्थानिय स्रोत र साधनको समुचित प्रयोग एंव परिचालन गर्ने, विद्यालयमा हुने शैक्षिकक्रियाकलापलाई मैत्रिमय बनाउन, कक्षा छन्नेदर न्यून बनाउने, कक्षा दोहोऱ्याउने दर घटाउने, भर्ना दर बढाउने, शैक्षिक स्तर बृद्धि गर्ने जस्ता लक्षहरू प्राप्त हुन सकेन । विद्यालय शिक्षाको पहुँच भन्दा बाहिर रहेका २० प्रतिशत भन्दा बढि बालबलिकाहरूलाई विद्यालयमा ल्याउन शिक्षक तथा अभिभावकको तर्फबाट प्रभावकारी सक्रियता देखिएन । (भण्डारी २०६१: १७)

शैक्षिक सेवा सुविधाका विकास तथा प्रभावकारिता अभिबृद्धिको लागि सरोकारवालाहरूलाई प्रत्यक्ष रूपमा सहभागि गराई शैक्षिक गुणस्तर सुनिश्चित गर्न शैक्षिक विकेन्द्रिकरणका अवधारणहरू पनि आउन थालेका छन् । शैक्षिक प्रक्रियमा आम नागरिकलाई अत्यधिक मात्रामा सम्मिलित हुने अवसर सृजना गरी स्थानिय आवश्यकता अनुरूप शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्न शैक्षिक बिकेन्द्रिकरण अत्यावश्यक बन्न गएको छ । शैक्षिक कार्यक्रमहरू सञ्चालन तथा व्यवस्थापनका क्रममा प्राथमिक सरोकारवालहरूलाई शैक्षिक योजना तर्जुमा, कार्यन्वयन र प्रतिफलको उपयोगसम्मका प्रक्रियामा प्रत्यक्ष रूपमा सहभागि गराई समाजका प्रत्येक सदस्यलाई शैक्षिक लाभको भागिदार बनाउने कार्यमा शैक्षिक विकेन्द्रिकरणको महत्वपूर्ण भुमिका रहेका हुन्छ ।

विद्यालयको व्यवस्थापनमा समुदायको भूमिका अझ सुदृढ पार्ने र सो मार्फत शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले सार्वजनिक विद्यालयहरूको व्यवस्थापन समुदाय बाटनै गर्ने गरी जिम्मा दिने नीति सरकारले अधिसारेको छ । यसै नीति अनुरूप समुदायद्धारा व्यवस्थापनमा हुने विद्यालय सञ्चालन कार्य निर्देशिका २०५९ को संशोधित नियमावली २०६३ विद्यालय शिक्षा सम्वन्धि गतिविधि तेस्रोपटक संशोधन भइसकेको छ । परिर्माजीत थप नियमावलिको मुल मर्मले भने यसको निर्देशिका २०४९लाई आधार मानेर पनि थप नीति र

निर्देशनले भने स्थानिय सहभागिताको अभिबृद्धि गर्ने, विद्यालय व्यवस्थापनमा सरोकारवालाहरूलाई बढी जिम्मेवारी बोध गराई विद्यालयको आर्थिक, शैक्षिक भौतिक र विद्यार्थी भर्ना बृद्धि गरि त्यस वापत नेपाल सरकार तथा यसका दातृ निकायबाट अनुदान प्राप्त गर्न सकिने र उक्त प्रोत्साहन विद्यालय विकास कार्यमा लगाउन सकिने आर्कषक उत्प्रेरक क्षेत्रहरू निर्धारण गरी विद्यालय शिक्षाको घेराबाट बाहिर रहेका विद्यार्थीहरूलाई विद्यालयमा भर्ना गर्न प्रेरित गर्ने कार्यक्रमहरू उल्लेख गरिएको छ । आर्थिक वर्ष २०६०/०६१ देखि नै उल्लेख संख्यामा सार्वजनिक विद्यालयहरूलाई समुदायद्धारा व्यवस्थापन गर्ने गरि जिम्मेवारी हस्तान्तरण गर्ने कार्य सुरु भै सकेको छ । दशौ पञ्चवर्षीय योजना अवधि भरमा करिव ८००० सार्वजनिक विद्यालयहरूको व्यवस्थापन समुदायमा हस्तान्तरण गर्ने कार्यक्रम रहेको थियो । सामुदायिक विद्यालयको व्यवस्थापन समुदायमा जिम्मेवारी लिने विद्यालयको संख्या २०६५ जेष्ठ मसान्त सम्म ५६०२ पुगि सकेको छ (शिक्षा विभाग २०६५) । यसैगरी हाल २०६६ असाढ मसान्त सम्म ८,६०७ विद्यालयलाई समुदायमा हस्तान्तरण गरिएको छ (नयाँ पत्रिका २०६६) ।

सामुदायिक विद्यालय व्यवस्थापन हस्तान्तरण नीति तथा सामुदायिक विद्यालय सहयोग कार्यक्रमले निर्धारण गरेको कार्यक्रमको ढाँचा विद्यालय सहयोग कार्यक्रम निर्देशिका २०५९ ले यस प्रकार तय गरेको छ ।

समुदाय, अभिभावक, शिक्षक र व्यवस्थापन समितिले स्थानिय गैर सरकारी संस्था समेतको साझेदारीमा विद्यालय क्रियाकलापको योजना बनाउने, कार्यान्वयन गर्ने, अनुगमन गर्ने, मुल्याङ्कन गर्ने तथा अभिलेख राख्ने, समुदायद्धारा व्यवस्थापन हुने विद्यालयहरू विच अनुगमनको आदानप्रदान गर्ने यस्ता विद्यालयहरूको कार्यजालो निर्माण गर्ने, अनुसन्धान सहायता समुहद्वारा र गैर सरकारी संस्थालाई सहयोग गर्ने, यस क्रममा सुरुमा एउटा अनुसंधान सहायता समुह खडा गर्ने त्यस मार्फत अरु समुहको संयोजन गर्ने र अनुभव आदान प्रदान गर्ने ।

यस कार्यक्रमलाई बढी भरपर्दो, प्रभावकारी र आन्तरिक प्रतिस्पर्धाको भावना तथा अन्य विद्यालयहरूसंग आपसि सहयोग र अनुभवको साटासाट गर्न एउटा छुट्टै कार्यजालोको स्थापना गरि भावी कार्यको योजना र वर्तमान कार्यक्रमको मुल्याङ्कन

एवं समिक्षात्मक कार्य गर्न निर्देशन गरिएको छ । जसको फलस्वरूप अन्य विद्यालयहरूको अनुभवबाट पनि धेरै समस्याहरू समाधान गर्न सहयोग सिद्ध ठहरिने छ ।

विद्यालय सहयोग कार्यक्रम अन्तरगत समुदायमा हस्तान्तरण भएका विद्यालयहरूले विद्यालयको विकास निर्माण कार्यको लागि देहाय बमोजिम अनुदान तथा सहायता प्राप्त गर्न सक्ने सुनिश्चितता निर्धारण गरेको छ ।

**एकमुष्ठ अनुदानः-** एकमुष्ठ अनुदान भन्नाले विद्यालयको समग्रपक्षको विकासका लागि प्रचलित कानूनको परिधीभित्र रहि विद्यालय व्यवस्थापन समितिले आफै प्राथमिकता निर्धारण गरि खर्च गर्न सक्ने गरि विद्यालयलाई दिईने अनुदान सम्झनु पर्दछ ।

**सशर्त अनुदानः-** सशर्त अनुदान भन्नाले शिक्षाको राष्ट्रिय उद्देश्य परिपूर्तिका लागि तोकिएका क्रियाकलापहरूमा नै खर्च गर्ने गरि विद्यालयलाई दिइने अनुदान सम्झनु पर्छ ।

**प्रोत्साहन अनुदान**ः- प्रोत्साहन अनुदान भन्नाले विद्यालयको क्षमतालाई प्रोत्साहन गर्न उनीहरूको उपलब्धिको आधारमा उपलब्ध गराइने अनुदानलाई सम्झनु पर्छ ।

व्यवस्थापन समुदायमा हस्तानतरण भएका विद्यालयहरूलाई प्रत्येक तह अनुसार एकमुष्ठ रु एकलाख विद्यालयको भौतिक तथा शैक्षिक वातावरणको निर्माण तथा सुधार गर्नको लागि जिल्ला शिक्षा कार्यलयबाट प्रदान गरिने व्यवस्था छ । यस रकमलाई निःशर्त विद्यालयको सुधार तथा निर्माण गर्नकोलागि खर्च गर्न सकिने व्यवस्था गरिएको छ ।

शैक्षिक कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका क्रममा प्रथमिक सरोकारवालाहरूलाई शैक्षिक योजना तर्जुमा, कार्यन्वयन र प्रतिफलको उपयोग सम्मका प्रक्रियामा प्रत्यक्ष रूपमा सहभागी गराई समाजका प्रत्येक सदस्यलाई शैक्षिक लाभको भागिदार बनाउने कार्यमा शैक्षिक विकेन्द्रिकरणको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

विकेन्द्रिकरणका यस्ता अवधारणाहरूलाई मनन गर्दै नेपाल सरकारले सामुदायिक विद्यालयको व्यवस्थापन समुदायमा जिम्मेवारी दिने शिक्षा ऐन, नियम र कार्यक्रमद्धारा नै जाहेर गरि सकेको परिपेक्षमा विद्यालयको व्यवस्थापन समुदायले जिम्मा लिएपछि अन्तरिक पक्षमा देखिएका सुधारहरू समुदायमा हस्तान्तरण नभएका अरु विद्यालयहरू भन्दा कुन रूपमा फरक छन् भन्ने विषयलाई समेटेर अध्ययन गर्न सार्न्दभिक छ ।

## १.२ समस्याको कथन

विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण गर्ने राष्ट्रिय नीति अनुरूप आर्थिक बर्ष २०६०/०६१ देखिनै रूपन्देही जिल्लामा पनि विद्यालयको व्यवस्थापन समुदायद्धारा गर्ने गरि सम्झौता भएको हो । आर्थिक बर्ष २०६४/०६५ सम्ममा ९२ वटा विद्यालयको व्यवस्थापन समुदायको जिम्मामा गईसकेका छन् । (जि.शि.का. २०६४/०६५ बार्षिक समिक्षा पुस्तक रूपन्देही)

विद्यालय समुदायका लागि खोलिन्छ समुदायका लागि खोलिएका विद्यालयमा समुदायकै सहभागिता गराउन नसक्नु ठूलो विडम्वना हो । हुन त हामीकहाँ बहुसंख्यक अभिभावक वर्ग आफै औपचारिक शिक्षाबाट बञ्चित भएको हुनाले राष्ट्रको शैक्षिक विकासमा जुन रूपमा सहभागिता हुनुपर्ने हो सो हुन सकेको छैन । यस्तो महत्वपूर्ण क्षेत्रमा सम्पूर्ण अभिभावक वर्गको मन जिति स्वेच्छाले सहभागि बनाउनु पर्नेमा त्यसो हुन सकिरहेको छैन । हाल सम्मको व्यवस्थापन जिम्मेवारी र स्थिति हेर्दा समुदायले तिन किसिमले जिम्मेवारी लिएको पाइन्छ । पहिलो, आर्थिक रूपले निकै कमजोर रहेका र उपल्लो तहमा निजि स्रोतका शिक्षक राखि संचालनमा रहेका विद्यालय दोस्रो, सक्षम र सक्रिय विद्यालय व्यवस्थापन समितिका पदाधिकारी रहेका विद्यालय र तेस्रो, जिल्ला शिक्षा अधिकारी अथवा सरकारी संयन्त्रको पहलमा व्यवस्थापनको जिम्मेवारी लिएका विद्यालय । विद्यालयको व्यवस्थापन जिम्मेवारी दिईने कार्यक्रम बारे तल्लो तह अथवा स्थानिय स्तरमा जनचासोमा कमि देखिन्छ । (शर्मा २०६२ : १७)
नेपाल सरकारले समुदायमा जान चाहाने विद्यालयलाई प्रोत्साहन अनुदान दिने कार्यक्रम पनि राखेको छ तर जुन रूपमा विद्यालयहरूले र समुदायका मानिसहरूले चासो देखाउनु पर्ने हो त्यो देखाउन सकेका छैनन् । निजि विद्यालयहरूले चर्को शुल्क लिदा पनि

अभिभावकहरूको मन जित्न सकिरहेको छ तर सबै अर्थिक भार सरकारले नै जिम्मा लिएर संचालन भएका सामुदायिक विद्यालयहरूले भने अभिभावकहरूलाई सकारात्मक प्रभाव पर्न सकिरहेका छैनन् । यो नै आजको चुनौति हो ।

हाम्रा अनुभवहरूले के देखाउछ भने सामुदायिक विद्यालयहरूमा विद्यार्थीहरूको संख्या घट्दै गईरहेको छ, अभिभावकहरूले पनि सामुदयिक विद्यालय भन्दा निजि स्तरका विद्यालयहरू छान्ने परिपाटी बढी देखिन्छ । सामुदायिक विद्यालयमा विद्यार्थी संख्या न्यून हुदै जानु र शैक्षिक स्तर पनि घट्दै जानुले सामुदायिक विद्यालयको दक्षतामा कहि कतै खोट छ भन्ने महशुस हुन थालेको छ ।

सामुदायिक विद्यालयको एस.एल.सी.को नतिजा हेर्दा ज्यादै कमजोर देखिन्छ । विभिन्न अध्ययन र निर्ष्कषहरूले सामुदायिक विद्यालयहरूमा अभिभावकहरूको चासो समेत घट्दै गएको देखाएका छन् । यस परिपेक्षमा नेपाल सरकारले केहि बर्ष देखि विद्यालयलाई समुदायमा हस्तान्तरण गरि शैक्षिक स्तर बढाउन उपाए अवलम्वन गरेको देखिन्छ । यस अध्ययनले सरकारको उक्त कार्यक्रम कुन हद सम्म प्रभावकारी बनिसकेको छ भनेर खोज अनुसंधान गर्ने अतिनै उपयुक्त ठानेर यस शोध कार्यलाई अगाडि बढाईएको हो । यी विविध समस्यालाई मनन् गरी यस अध्ययनको समस्या कथनको रूपमा “समुदायमा हस्तान्तरण भएका र नभएका विद्यालयहरूको अवस्था” रहेको छ ।

## १.३ अध्ययनको औचित्यता

विभिन्न गोष्ठी एवं कार्यशालामा विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण गर्दै जाने सरकारको नीतिलाई रूपन्देही जिल्लाका शिक्षक, प्रधानाध्यापक र अभिभावकहरूले नकारात्मक दृष्टिकोणबाट हेरेको देखियो अर्थात सरकार बिस्तारै बिस्तारै पन्छिदै जान खोजेको हो भन्ने तर्कहरू प्र.अ.हरूबाट व्यक्त गरेको पाईयो । विद्यालय व्यवस्थापन पक्ष समुदायले जिम्मा लिदा विद्यालयको शैक्षिक गुणस्तर बृद्धि हुदै जान्छ भन्ने कुरामा कमै मात्र विश्वास रहेको पाईयो । समुदाय विद्यालयको हरेक क्रियाकलापमा सक्रिय भएको खण्डमा शिक्षणमा सुधार आउन सक्छ, भौतिक पक्ष सबल हुन सक्छ, आन्तरिक दक्षताको बृद्धि हुन सक्छ भन्ने मानसिकताको कमि रहेकोले विद्यालय व्यवस्थापन समुदायले जिम्मा

लिन धेरैले हिचकिचाएको बेला बखतको अनुभवले देखायो । यसै सर्दभमा केहि विद्यालयको व्यवस्थापन पक्षको जिम्मा समुदायले लिने सक्रियता देखाए पश्चात यस जिल्लामा संचालित विद्यालयहरू पनि समुदायमा हस्तान्तरण भईसकेका छन् ।

यसरी विभिन्न शंका उपशंका र जटिल परिस्थितिको सामना गर्दै व्यवस्थापन जिम्मा लिएका विद्यालयहरूमा भौतिक सुधार, शिक्षक उपस्थिति, शिक्षण सुधार र समुदायको सम्बन्धमा के कति सुधार भयो भन्ने कुराको जानकारी हासिल गर्नका लागि समुदायमा हस्तानतरण भएका र नभएका विद्यालयहरूको अवस्था अध्ययन गर्न जरुरी देखिन्छ ।

शिक्षाको बिकेन्द्रिकरण, विद्यालय र समुदायको सशक्तिकरण इत्यादी बाट विद्यालय शिक्षा सुधार हुन्छ र गर्नु पर्छ भन्ने सोचले व्यापकता पाएको संर्दभमा यो अध्ययनले निश्चय नै विषयवस्तुमा विद्यमान ज्ञानमा थप योगदान पुऱ्याउने छ साथै भविष्यमा यस क्षेत्रमा अध्ययन अनुसंधान गर्न चाहाने अनुसंधानकर्ताहरूलाई समेत सहयोग पुऱ्याउने देखिन्छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनको निम्न लिखित उद्देश्यहरू रहेका छन् ।

क) समुदायमा हस्तान्तरण भएका र नभएका विद्यालयहरूको अवस्था पत्ता लागाउने ।

ख) समुदायमा हस्तान्तरण भएका र नभएका विद्यालयहरूको समस्या पत्ता लगाउने ।

ग) समुदायमा हस्तान्तरण भएका र नभएका विद्यालयहरूको समस्या समाधानका उपायहरू सुझाउने ।

## १.५ अनुसंधनात्मक प्रश्नहरू

यस अध्ययनमा निम्नलिखित अनुसंधनात्मक प्रश्नहरू रहेका छन्

क) समुदायमा हस्तान्तरण भएका र नभएका विद्यालयहरूको अवस्था कस्तो छ ?

ख) समुदायमा हस्तान्तरण भएका र नभएका विद्यालयहरूमा के कस्तो भिन्नता छ ?

ग) समुदायमा हस्तान्तरण भएका र नभएका विद्यालयहरूको समस्याहरू के कस्ता रहेका छन् ?

घ) समुदायमा हस्तान्तरण भएका र नभएका विद्यालयहरू को समस्याहरूलाई कसरी सुल्भाउन सकिन्छ ?

ङ) समुदायमा हस्तान्तरण भएका विद्यालयहरूको के कस्ता समस्याहरू रहेका छन् ?

च) समुदायमा हस्तान्तरण भएका विद्यालयहरूको समस्या समाधानका उपायहरू के के हुन् ?

## १.६ अध्ययनको परिसिमा

लुम्बिनी अञ्चलको रूपन्देही जिल्लामा रहेको १० वटा श्रोत केन्द्रहरू मध्ये पर्रोहा श्रोत केन्द्र पनि एक हो । यस श्रोत केन्द्रमा रहेका ३२ वटा सामुदायिक विद्यालयहरू मध्ये ४ वटा विद्यालयमा अध्ययनलाई सिमित गरिएको छ । जसमा समुदायमा हस्तान्तरण भएका श्री दुर्गा भवानी मा.वि वनकट्टा र श्री सैनामैना मा.वि रानिबगैँचा तथा समुदायमा हस्तान्तरण नभएका मध्ये श्री पर्रोहा उ.मा.वि पर्रोहा र दुधराक्ष गा.वि.स मा अवस्थित श्री रामापुर उच्च मा.वि रामापुरमा मात्र सिमित रहेको छ ।

# परिच्छेद : दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

यस परिच्छेदमा यो अध्ययनको सैद्धान्तिक खाका कस्तो हुने र यस अध्ययनसँग सम्बन्धित सामग्रीहरूको सिंहावलोकन गरिएको छ । यस अध्ययनमा शोधार्थीको अध्ययनसँग प्रत्यक्ष अप्रत्यक्ष रूपमा सम्बन्धित केही अध्ययन तथा दस्तावेजहरूको छलफल गरिएको छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरालोकन

विद्यालय व्यवस्थापनका सम्बन्धमा समय समयमा विभिन्न लेखहरू प्रकासित भईरहेका छन् । ति लेखहरूले समुदायमा हस्तानतरण भएका र नभएका विद्यालयहरूको आन्तरिक दक्षतामा सहयोग पुऱ्याउने भएकाले यो अध्ययनमा यस सम्बन्धित लेखहरूको पुनरालोकन गरिएको छ ।

सेरिड (२०६०) ले "सामुदायिक विद्यालयको व्यवस्थापन हस्तान्तरण" भन्ने शिर्षकमा मोरङ्ग र इलाम जिल्लामा सम्पन्न गरेको अनुसंधान मुख्य रूपमा गुणत्मक तथ्याङ्कमा आधारित रहेको थियो । उक्त अध्ययन समुदायद्धारा व्यवस्थापन भएका सामुदायिक विद्यालयहरूको वर्तमान अवस्था पत्तालगाउने मुख्य उद्देश्य राखि सम्पन्न गरिएको थियो । मेरो अध्ययनले पनि समुदायद्धारा सञ्चालित भएमा विद्यालयहरू र अरु सामुदायिक विद्यालय भन्दा के कति हिसाबले फरक छन् ? विद्यालयको आन्तरिक दक्षतामा के कस्तो सुधार देखिएका छन् ? विद्यालयले अगाडि गर्नु पर्ने कार्य बारे वि.व्य.स.का पदाधिकारी, शिक्षक र अभिभावकको जिम्मेवारी वारे के कस्ता अभिमुखिकरण कार्यक्रमहरू सम्बन्धित निकायले सञ्चालन गरेका छन् ? विद्यालयले आफ्नो छुट्टै नियम बनाएका छन् छैन? भन्ने जस्ता सवालहरूको उत्तर खोज्ने प्रयास गरेको र उक्त सवालहरूको जवाफ सेरिड (२०६०) को अध्ययनले पनि दिएको हुनाले यहाँ उल्लेख गर्न सान्दर्भिक देखियो । यस अध्ययनले सामुदायिक विद्यालयका वि.व्य.स.ले विद्यालय व्यवस्थापनको सम्बन्धमा सक्रिय भुमिका खेलेको भएपनि कुनै प्रभावकारी योजना र कार्यक्रम नल्याएको जनाएको छ । व्यवस्थापन हस्तान्तरण पछाडि

वि.व्य.स.ले कुनै नियम र नियमितताको विकास गर्न नसकेको, शिक्षक र विद्यार्थीका लागि आचार संहिता पनि बनाउन नसकेको कुरा उल्लेख गर्दै वि.व्य.स., शिक्षकहरू र सरोकारवालाहरूका लागि कतैबाट अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्नु पर्ने कुरा बताईएको छ । विद्यालयलाई सरकारले समुदायमा हस्तान्तरण त गऱ्यो तर अनुगमन, आवश्यक तालिम र सचेतना कार्यक्रम नगरेको देखियो । अभिभवकहरूले व्यवस्थापन हस्तान्तरण लाई सकारात्मक रूपमा विद्यालयलाई आर्थिक सहयोग गर्न उत्प्रेरित रहेको कुरा पाईएकोले देखाएको अभिभावकत्वको भुमिका र विद्यालयको कार्यकालागि अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्नु पर्ने कुरा प्रति जोड दिएको छ ।

शर्मा (२०५९:२९) अनुसार शिक्षाको गिर्दो गुणस्तरलाई सुधार गर्दै, शिक्षालाई सान्दर्भिक बनाउदै  लैजानु सवैको दायित्व हो भनेका छन् । उपयुक्त शिक्षा प्रणलीको विकास गर्दै लैजान सके राष्ट्रको सामाजिक तथा आर्थिक स्थितिमा सुधार आउन सक्छ । आज देशका सामु खडा भएको गरिवी, विपन्नता तथा सामाजिक समस्याहरूको समाधानको महत्वपूर्ण केही गुणस्तरयुक्त जीवनोपयोगी शिक्षा नै हुनसक्छ । शिक्षा क्षेत्रमा रहेका अनगिन्ती समस्याहरू राज्यको तर्फबाट तुरुन्त समाधान गर्नका लागि आवश्यक पुँजि लगानी गर्न वर्तमान आर्थिक अवस्थाले गर्दा देश सक्षम छैन । तर पनि सरकार, समुदाय तथा सरोकारवालाहरूले शिक्षाको सुधार र विकासमा एक जुट भइ एकआपसमा सामुयिक सहयोगात्मक भूमिका निर्वाह गरे शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने कार्य त्यति मुस्कील छैन । विद्यालयको सञ्चालन, पठनपाठनको रेखदेख, व्यवस्थापन अभिभावकहरूलेनै गर्नुपर्छ । गुणस्तर शिक्षाकालागि आवश्यक वातावरण सरकार र नगरिक समाजले जुटाइदिनु पर्दछ भन्ने मान्यता प्रस्तुत गरेका छन् ।

अध्ययनले सार्वजनिक शिक्षाको व्यवस्थापन समुदायमा हस्तान्तरण भएका विद्यालयहरूमा समुदाय र विद्यालयको सम्बन्ध सुमधुर हुन आवश्यक देखायो । सुमधुर सम्बन्धले शिक्षाको व्यवस्थापनको उत्तरदायित्वलाई प्रोत्साहन गर्दछ । समुदायको वि.व्य.स.मा बृहत सहभागिताको नीति, सहभागिताको कानूनी प्रावधान र प्रभावकारी कार्यान्वयन, शिक्षाको निति निर्माण गर्ने कार्यमा प्र.अ.को सहभागिता बृद्धि गर्न सकेमा सार्वजनिक विद्यालयको व्यवस्थापन अझ प्रभावकारी हुने विश्वास अध्ययनकार्ताको छ । वि.व्य.स.को जिम्मेवारी तथा कार्यको स्पष्ट विभाजनले जवाफदेहिता

तथा उत्तरदायित्व दुवैको विकास गर्नका साथै समुदायलाई एउटा संस्थाका रूपमा व्यवहार गरेमा शिक्षाप्रतिको उत्तरदायित्व अझ बृद्धि हुने निचोड अध्ययनकर्ताको छ । समुदायलाई सार्वजनिक विद्यालयको व्यवस्थापन हस्तान्तरण गर्दा विद्यालयप्रतिको समुदायको उत्तरदायित्व अझ बृद्धि भएर जाने कुराप्रति अध्ययनकर्ता विश्वस्त छ ।

यसै गरी सार्वजनिक शिक्षा व्यवस्थापनको उत्तरदायित्वलाई कस्ता तत्वहरूले व्यवधान पुऱ्याउन सक्छन् भन्ने संर्न्दभमा प्रतिवेदन भन्छ, सार्वजनिक शिक्षा मुलतः समुदायको लागि उपलब्ध गराईएको हुन्छ । यदि समुदाय र वि.व्य.स. विच राम्रो सम्बन्ध हुन सकेन भने वि.व्य.स.ले प्रभावकारी रूपमा कार्य गर्नै सक्दैन । त्यस्तै कमजोर नीति निर्देशन, सरकारले निर्धारण गरेको नीतिमा जनसहभागिताको कमि, कानूनको कमजोर कार्यान्वयन, समाजको संरचनात्मक मान्यता, बिभिन्न किसिमको परम्परागत सोच र रुढिवादी संस्कारहरू र शिक्षा व्यवस्थामा राजनैतिक हस्तक्षेप (पेज नं. ५६)ले सार्वजनिक शिक्षाको व्यवस्थापनको उत्तरदायित्वलाई व्यवधान पुऱ्याउछ ।

भण्डारी (२०६१ : १७) ले विद्यालयमा समुदायको सहभागिता वृद्धि गरी विद्यालय व्यवस्थापन पक्षलाई सुदृढ बनाउने, छात्राको भर्ना दर वृद्धि गर्ने एवम् दलित, पिछडिएका वर्गका बालबालिकाहरूलाई शिक्षाको राष्ट्रिय मूलधारमा ल्याउने उद्देश्य अनरूप आधारभूत तथा प्राथमिक शिक्षा परियोजना समुदायका सहभागिता र सक्रियताको उपेक्षा सहित आएको हो । सेति शिक्षा परियोजना लागुभएका ५ जिल्ला र प्राथमिक शिक्षा परियोजना लागुभएका ३ जिल्ला सहित पहिलो चरणमा १९ जिल्लामा आधारभूत तथा प्राथमिक शिक्षा परियोजना लागु भएको थियो । क्रमशः ६ जिल्ला, १५ जिल्ला थप गर्दै यस कार्यक्रमको तेस्रो बर्षमा ४० जिल्लामा यो कार्यक्रम लागु गरियो । यस कार्यक्रमको अन्तसम्म आईपुग्दा शिक्षामा छात्रा एवम दलित र पिछडिएका वर्गका बालबालिका हरूको सहभागिता वृद्धि भएतापनि समुदायमा विद्यालय राम्रो हो भन्ने भावना विकसित हुनसकेन । नेपालको प्राथमिक शिक्षामा गुणस्तर वृद्धि गर्न, भौतिक व्यवस्थापन सुधार गर्न, समुदायको सहभागिता वृद्धि गर्न, विभिन्न परियोजना कार्यक्रमहरू सञ्चालन गरिएता पनि विद्यालयको भौतिक व्यवस्थापनामा समुदायको खासै सक्रिय भूमिका रहन सकेन । समुदायले विद्यालयलाई व्यवस्थीत बनाउनको लागि जवसम्म सहयोग गर्न सक्दैन तव सम्म

भौतिक सुधार तथा व्यवस्थापन पक्षमा सुधार आउन सक्दैन भन्ने निचोड विभिन्न परियोजना कार्यक्रमको मुल्याकन मार्फत पत्तालागिसकेको हुदा विद्यालय व्यवस्थापन पक्ष समुदायलाई हस्तानतरण गर्दौ जानु पर्दछ भन्ने धारणको विकास भएको हो ।

विद्यालयको समग्र व्यवस्थापन समुदायमा हस्तानतरण गर्नुको सट्टा व्यवस्थापकिय कार्यहरू मात्र हस्तान्तरण गर्ने गरिएको अवस्था छ । यसको कारणले विद्यालयको शैक्षिक व्यवस्थापन पुर्णरूपमा समुदाय आफैले सचेत भई जिम्मा लिनु पर्नेमा सो हुन सकेको छैन यो कार्य विद्यालय व्यवस्थापन समितिमा संलग्न व्यक्तिको व्यवस्थापकीय क्षमता विकास गर्नको लागि तालिम अभिमुखीकरण कार्यक्रमले महत्व पाउन सकेको छैन फलस्वरूप सहभागितामुलक तथा नतिजामा आधारीत विद्यालय व्यवस्थापनको पद्धति विकास गर्न सकिने अवस्था क्षिण गएको छ । अझ यो कार्य सरकारका लागि चुनैतिपूर्ण बन्दै गएको छ ।

विद्यालयको शैक्षिक, आर्थिक, भौतिक, प्रशासनिक पक्षको विकासको लागि स्थानीय स्तरबाट जनसहयोग आवश्यकता पर्दछ । विद्यालयलाई प्रभावकारी ढंगबाट सञ्चालन गरी शैक्षिक उपलब्धि स्तर बृद्धि गर्न जनसहयोग, जनदबाब तथा जनस्तरबाट आवश्यक भूमिकाको आवश्यकता पर्दछ । विद्यालय व्यवस्थापन समितिमा अधिकांश व्यक्तिहरू राजनीतिक आचरण बोकेका हुने हुनाले विद्यालय प्रति समाजका सदस्यहरूले सकारात्मक सहयोग गर्ने चाहना राख्दैनन् । विद्यालयको सुधारकालागि नेपालसरकारले गरेका ठूलो लगानी जनसहयोगको कमी, विद्यालय र समुदायको निकट सम्बन्धको अभाव आदि कारणले गर्दा उपलब्धि सन्तोषजनक हुने सकेको छैन । विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियामा शिक्षा एनको सातौँ संशोधन २०५८ ले गरेको व्यवस्था अनुसार अभिभावकमध्येबाट अभिभावकहरूले नै विद्यलय व्यवस्थापन समितिका पदाधिकारीहरूको छनौट गर्न पाउने व्यवस्था भए पश्चात आजका दिनहरूमा विद्यालयप्रति अभिभावकहरूको चासो बढेको छ । विद्यालय व्यवस्थापनको पक्षमा सरकारले बनाएको नयाँ शिक्षा ऐन, नियम तथा नीतिले ल्याउन खोजेको परिर्वतन तथा वर्तमानमा अन्तर्राष्ट्रि स्थिति र हाल ध्यान पाउनुपर्ने कुरालाई समेत ध्यानमा राख्ने जमर्को गरेको छ । अनुसन्धानकर्ताको अध्ययन पनि विद्यालयको व्यवस्थापनको पक्ष र अवस्थासँग सम्बन्धित भएकोले माथि उल्लेखित लेखहरूले अध्ययनलाई प्रस्टाउन सहयोग पुऱ्याउने छ । वर्तमान नेपाल सरकारको नीति

अनुरूप विद्यालय व्यवस्थापन समुदायद्धारा हुने गरेको सहयोग, विद्यालयका शिक्षकको शिक्षण प्रभावकारीता विद्यार्थीहरूको शैक्षिक उपलब्धि, विद्यालय व्यवस्थापन समितिको भूमिका, तथा आन्तरिक दक्षता जस्ता पक्षहरू माथि उल्लेखित लेखहरूले समेट्ने भएकोले उक्त लेखहरूलाई यस शोधकार्यमा समेट्ने प्रयास गरिएको छ ।

## २.२ सैद्धान्तिक खाका

यस शोध कार्यमा शोधार्थीले शिक्षा मनोवैज्ञानिक एफ.डब्लु टायलरको वैज्ञानिक व्यवस्थापनको सिद्धान्तलाई सैद्धान्तिक खाकाको रूपमा उपयोग गरिएको छ ।

### २.२.१ वैज्ञानिक व्यवस्थापनको सिद्धान्त

एफ.डब्लु.टायलर ले आफ्नो पुस्तक "बैज्ञाजिक ब्यवस्थापनको सिद्धान्त" मा यसरी आफ्नो सिद्धान्त प्रस्तुत गरेका छन् ।

प्रत्येक कामदारको परम्परागत कार्यशैलीलाई परिवर्तन गरी वैज्ञानिक बनाउनुपर्छ, कामदारलाई आफैले कम छान्ने परम्परा छुट्टाएर वैज्ञानिक ढंगले कामदार छनौट गर्ने र छानिएका कामदारलाई तालिम दिने तथा दक्षतापूर्वक काम सिकाउनु पर्छ, वैज्ञानिक ढंगबाट काम हुने गरी व्यवस्थापक र कामदारबीच आत्मीय सहयोग, सम्वन्ध र सामाञ्जस्यता स्थापित गर्नुपर्छ, कामदारलाई कार्यप्रति अधिकतम् उपलब्धि हासिल गर्ने ढंगले परिचालन गर्नुपर्छ । वैज्ञानिक ढाँचाले ज्याला निर्धारण गर्नुपर्छ बढी काम गर्नेलाई बढी ज्याला दिनु पर्छ, कामदार र व्यवस्थापकबीच स्पष्ट कार्य विभाजन गर्नुपर्छ । कामदारलाई मात्र दोष दिने र आफू उम्कने परिपाटि त्याग्नुपर्छ । (कोइराला र श्रेष्ठ २०६२ : ३)

२० औ शताब्दिका सुरुका वर्षहरूमा उत्पादकत्व बढाउने कार्य दक्ष कामदारहरू भएकोले कार्यदक्षता बढाएर उत्पादकत्व बढाउने कार्य चुनौति पूर्ण रहेको थियो । त्यसबेला कामदारको कार्यदक्षता बढाउने उद्देश्यले नै वैज्ञानिक व्यवस्थापनको शुरुआत भयो । वैज्ञानिक व्यवस्थापन भनेको मानिसहरूलाई कुन काम गराउन खोजिएको छ र कुन काम

गर्न दिएमा उनीहरूले राम्रो र किफायती ढंगले सम्पन्न गर्न सक्दछन् भन्ने कुराको सही ढंगले जान्ने कला हो ।

विद्यालयको भौतिक व्यवस्थापन, शिक्षण प्रभावकारिता र शैक्षिक गुणस्तर बृद्धिका लागि यस सिद्धान्तको उपयोग हुन सक्छ । विद्यालयको व्यवस्थापनका लागि कसले के काम गर्ने ,कुनै पनि कामलाई राम्रो सँग सम्पन्न गर्न कसरी कामको बाँडफाँड तथा अधिकार प्रत्यायोजन गर्ने,कसलाई कामको जिम्मा दिने भन्ने कुराले पनि प्रभाव पार्दछ । बैज्ञानिक व्यवस्थापनको सिद्धान्त बमोजिम विद्यालयमा उपलब्ध स्रोत र मानव संसाधनलाई अधिक्तम उपयोग हुने गरी प्रयोग गर्न सकिन्छ । विद्यालयको प्रध्यानाध्यापक, शिक्षक/शिक्षिका, विद्यालय व्यवस्थापन समिति, तथा अभिभावक, आ-आफ्नो जिम्मेवारी बहन गर्न र विद्यालयको हरेक क्रियाकलापमा सम्पूर्ण पक्षहरूलाई उत्तरदायि बनाउदैं लैजान यस सिद्धान्तलाई महत्वपुर्ण रूपमा लिन सकिन्छ । यसप्रकार बैज्ञानिक व्यवस्थापन सिद्धान्तले विद्यालयको शैक्षिक क्रियाकलापलाई सुनिश्चित गर्न, सँगठित गर्न र प्रभावकारी बनाउन प्रत्यक्ष रूपमा सहयोग पुऱ्याएको छ ।

बैज्ञनिक व्यवस्थापनको प्रमुख मान्यता उत्पादकत्व क्षमता बढाउनु भनेको न्यूनतम लागतमा अधिक्तम नाफा आर्जन गर्नु मात्र हैन कामदारलाई उत्पादन क्षमताका आधारमा पारिश्रमिक समेत वृद्धि गर्नु हो । कामदारको मनोवल उच्च राख्न उनीहरूलाई लाभांशको भागिदारसमेत बनाउनु पर्दछ । उत्पादनमा कमी आउने कारण व्यवस्थापनमा हुने लापरबाही र प्रयासको अधिक मात्रामा  उपयोग गरी उत्पादकत्प वृद्धि गर्न सकिन्छ । कामदार र मालिकका बिचको मैत्रिपुर्ण सम्बन्धजस्ता कार्यहरूको विकास उनका महत्वपूर्ण योगदानहरू भित्र पर्दछन् (शर्मा २०५६ : २४) ।

वैज्ञानिक व्यवस्थापन कुनै नयाँ अन्वेषण होइन नत यो नयाँ अविष्कार नै हो यसले विगतका संयोजन नभएका व्याक्तिहरू विशेष गरी पुरानो ज्ञान, विश्लेषण, सामुहिकरण र वर्गीकरण गरी कानून तथा नियमका आधारमा संयोजन गर्दछ । यसले व्यवस्थापक र कामदारको मानसिक अवधारणामा परिवर्तन ल्याइ यी दुवै बीचको आपसी भुमिका र दायित्व बुझ्न सघाउछ । बैज्ञानिक व्यवस्थापन एकल तत्व होईन बरु यो विभिन्न तत्वहरूको संयोजन हो । वर्तमान समय व्यक्तिगत उपलब्धि हासिल गर्न सक्ने सक्षम

व्याक्तिका पक्षमा छ । तर आफ्नो क्षमताका आधारमा उपर्युत भूमिका निर्वाह गर्न नसक्ने कामदारले अन्य व्यक्तिहरूसँग मिलेर काम गर्नु पर्दछ । (काफ्ले, २०६२ : १७) । वैज्ञानिक व्यवस्थापनको प्रयोग शिक्षा क्षेत्रमा निम्न अनुसार हुदैँ आएको कुरा उल्लेख गरेका छन् ।

शैक्षिक व्यवस्थापनको परम्परागत रूपमा चल्दै आएको रुढिवादी धारणलाई अनुसन्धान तथा विष्लेषणद्धारा निर्मित सिद्धान्तका आधारमा अघि बढाउनु पर्दछ भनी अनुसन्धानात्मक कार्यहरूको प्रयोगको सुरुआत, शैक्षिक योजता निर्माण गरी योजना अनुसारका मानवीय, भौतिक स्रोत र साधनहरूको परिचालन गरी शिक्षाका उद्देश्यहरू पुरा गर्ने गराउने कार्यको थालनी भएको, प्रत्येक शिक्षक कर्मचारीका कामहरूको विशलेषण गर्ने र यस्तो कार्य विश्लेषणको विस्तृत रूप पाठ्यक्रम निर्माणका समयमा निश्चित गरी पाठ्यक्रममा समावेश गरिन थालिएको, शिक्षकहरूको शिक्षण दक्षता र कार्यदक्षताको अभिवृद्धिका लागि तालिमको व्यवस्था गरिएको, विद्यार्थीका उपलब्धिहरूको मापनको लागि मूल्याङ्कनका विविध प्रविधि/प्रक्रियाहरूको विकास गरिएको, शिक्षा प्रशासनमा रेखा कर्मचारी पद्धतिको सँगठननात्मक प्रक्रियाको थालनी भएको, शैक्षिक पशासनमा विद्यालय शिक्षकको सहयोगार्थ, शिक्षकको दक्षता विकास र शिक्षणको प्रभावकारीताका लागि सुपरिवेक्षण व्यवस्थाको थालनी भएको छ ।

वैज्ञानिक व्यवस्थापनको सिद्धान्तले कामदारको कार्य शैलीलाई परिवर्तन गरी वैज्ञानिक बनाउन पर्ने, पारिश्रमिकको बैज्ञानिक निर्धारण (कामको आधारमा ज्वाला), कामको विभाजन, कामदारको छनौट गर्ने कार्यको बैज्ञानिकिकरण जस्ता पक्षलाई जोड दिएको छ ।

## २.३ शैक्षिक उपादेयता

यस शोध कार्यमा पुर्व साहित्यका समिक्षात्मक विवरण प्रस्तुत गर्दा पाठकहरूलाई उक्त विषय शीर्षकमा पहिले के भएको थियो र के कस्तो अध्ययन अनुसन्धान गर्नु पर्दछ भन्ने कुरामा यथार्थ बोध हुन्छ । जसले गर्दा अध्ययनलाई सही निष्कर्षमा पुऱ्याई उद्देश्य मुलक बनाउन साहित्यको पुनरावलोकनले सहयोग पुऱ्याउँछ ।

सम्बन्धित साहित्यको पुनरावलोकनले अध्ययनलाई सहि मार्ग निर्देशन गर्न र निश्चित सिद्धान्त तय गर्न निर्देशन गर्दछ । शोधकार्य गर्ने क्रममा अध्ययनलाई विषयान्तर हुनबाट बचाई शोधलाई संगठित, क्रमबद्ध एवं उद्देश्यमुखी बनाउनुका साथै बौद्धिक खुराकहरू समेत दिनमा उपयोगी हुनेछ । अध्ययनको क्रममा कहिलेकाही वृहत्तर भई आउनसक्ने सैद्धान्तिक बिचलनलाई समेत रोक्नमा साहित्यको पुनरावलोकनले मद्दत पुऱ्याँउछ ।

# परिच्छेद : तीन
# अध्ययन विधि

## ३.१ अनुसन्धानात्मक ढाँचा

यस अध्ययन मूलतः मिश्रित ढाचामा आधारित छ । समुदायमा हस्तान्तरण भएका र नभएका विद्यालयहरूको अवस्था पत्ता लगाउने उद्देश्य प्राप्तिका लागि परिमाणात्मक ढाचा प्रयोग गरिएको छ भने समस्याहरू पत्ता लगाउन र समस्या समाधानका उपायहरू सुझाउनका लागि गुणात्मक ढाचा अवलम्बन गरिएको अध्ययन मिश्रित ढाचामा आधारित छ ।

## ३.२ जनसङ्ख्या र नमूना छनौट

रूपन्देही जिल्ला पर्रोहा स्रोत केन्द्र अन्तरगतका कक्षा १ देखि ११ सम्म सञ्चालित २ वटा सामुदायमा हस्तान्तरण नभएका उच्च माध्यामिक विद्यालय र कक्षा १ देखि १० सम्म सञ्चालित २ वटा समुदायमा हस्तान्तरण भएका भएका विद्यालय गरि जम्मा ४ वटा विद्यालयलाई छनौट गरिएको छ ।

छनौटमा परेका विद्यालयका प्र.अ. तथा माध्यामिक तहमा अध्यापन गर्ने शिक्षकहरू मध्ये गणित, अंग्रेजी, विज्ञान र सामाजिक विषयबाट २ जना पुरुष शिक्षक र १ जना महिला शिक्षिका गरी प्रत्येक विद्यालयबाट ३ जना गरी जम्मा १२ जना शिक्षकहरू छनौट गरिएको छ ।

छनौटमा परेका विद्यालयका व्यवस्थापन समितिका सदस्यहरू समुदायमा हस्तान्तरणा नभएका उच्च मा.वि.बाट अध्यक्ष सहित २ जना र समुदायमा हस्तान्तरण भएका मा.वि.बाट अध्यक्ष सहित २ जना सदस्यलाई छनौट गरिएको छ ।

समुदायमा हस्तान्तरण नभएका उच्च मा.वि.बाट २ जना महिला सहित ६ जना र समुदायमा हस्तान्तरण भएका विद्यालयहरूबाट १ जना महिला सहित ५ जना अभिभावकहरूलाई यस कार्यमा छनौट गरिएको छ । प्रत्येक विद्यालयबाट २ जना छात्र र २ जना छात्रा गरि जम्मा १६ जना विद्यार्थीहरू छनौट गरिएको छ । उक्त सम्पूर्ण छनौट गरिएका प्र.अ., शिक्षक, विद्यार्थी अभिभावक वि.व्य.स.का अध्यक्ष, सदस्यहरूको विवरण तालिकीकरण गरि देखाईएको छ ।

**तालिका १ : अन्तरवार्तामा छनौट गरीएका उत्तरदाताहरू**

| विद्यालय | प्र.अ. | शिक्षक | | वि.व्य.स. अध्यक्ष र सदस्य | अभिभावक | | विद्यार्थी | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | पुरुष | महिला | छात्र | छात्रा | जम्मा | |
| रामापुर उच्च मा.वि. | १ | २ | १ | ३ | ४ | २ | २ | २ | ४ | १७ |
| पर्रोहा उच्च मा.वि. | १ | २ | १ | ३ | ४ | २ | २ | २ | ४ | १७ |
| सैनामैना मा.वि. | १ | २ | १ | २ | ४ | १ | २ | २ | ४ | १५ |
| दुर्गा भवानी मा.वि. | १ | २ | १ | २ | ४ | १ | २ | २ | ४ | १५ |
| **कुल जम्मा** | ४ | ८ | ४ | १० | १६ | ६ | ८ | ८ | १६ | ६४ |

*स्रोत: स्थलगत अध्ययन, २०६६*

## ३.३ तथ्याङ्क सकंलनका साधन

यस अध्ययनमा तथ्याङ्क संकलन गर्न प्रयोग गरिएका साधनहरूमा विद्यालय अवलोकन फारम, प्र.अ., शिक्षक, वि.व्य.स.का पदाधिकारीहरूलाई अन्तरवार्ता,

प्रश्नावलीहरू तयार गरिएको छ । प्रयोग गरीएका तथ्याङ्क संकलनका साधनहरूलाई यहाँ छोटकरीमा वर्णन गरिन्छ ।

**क) अन्तरवार्ता प्रश्नावाली**

यस अध्ययनको उद्देश्यहरू प्राप्तिका लागि प्र.अ. शिक्षक, वि.व्य.स. अभिभावक र विद्यार्थीहरूलाई अन्तरवार्ता प्रश्नावली भराई तथ्याङ्क संकलन गरिएको छ । (परिशिष्ट १,२,३,४ र ५) ।

**ख) सर्वेक्षण फारम**

यस अध्ययनका निर्धारित उद्देश्य प्राप्तिका लागि विद्यालयका सर्वेक्षण फारम प्रयोग गरिएको थियो । उक्त सर्वेक्षणमा विद्यालयको अवस्था सम्बन्धित तथ्याङ्कहरूद्वारा समेटिएको छ (परिशिष्ट ६ देखि १७) ।

## ३.४ तथ्याङ्क संकलन तथा विश्लेषण प्रक्रिया

यस अनुसन्धान कार्यका लागि तयार पारिएको तथ्याङ्क संकलनका साधनहरू लिई अनुसन्धानकर्ता स्वयंम नमुना छनौट गरिएको विद्यालयमा गई तथ्याङ्क संकलन गरिएको छ । समुदायमा हस्तान्तरण भएका र नभएका विद्यालयहरूको अवस्था अध्ययन गर्न, समस्याहरू पहिचान गर्न, समाधानका उपायहरू पत्ता लगाउने उद्देश्य प्राप्तीका लागि स्थलगत सर्वेक्षण तथा प्रधानाध्यापक, शिक्षक, वि.व्य.स, अभिभावक, विद्यार्थीलाई अन्तरवार्ता प्रश्नावली भराई प्राथमिक तथ्याङ्क संकलन गरिएको छ भने विद्यालय श्रोत केन्द्र तथा जि.शि.का. को अभिलेखहरू तथा अन्य सन्दर्भ सामग्रीबाट सहायक तथ्याङ्क संकलन गरिएको छ ।

संकलित तथ्याङ्कहरूलाई आवश्यकता अनुसार वर्गीकरण गरी प्रस्तुत गरिएको छ । आवश्यक स्थानमा मापनीय तथ्याङ्कहरूलाई प्रतिशतमा व्यक्त गरिएको छ भने अमापनीय गुणात्मक तथ्याङ्कहरूलाई व्याख्या एवं बिश्लेषण गरी वर्णनात्मक शैलीमा प्रस्तुत गरिएको छ ।

# परिच्छेद : चार

# तथ्याङ्कको व्याख्या तथा विश्लेषण

समुदायमा हस्तान्तरण भएका र नभएका विद्यालयहरूको अवस्था अध्ययन शीर्षकको यो शोध अध्ययनलाई उपलब्धि मूलक, उपयोगी एवं निष्कर्षमुखी बनाउन अध्ययन अनुसन्धानको क्रममा निर्माण गरिएको विभिन्न तथ्याङ्क संकलनका साधनहरू प्रयोग गरी प्राप्त गरीएका तथ्याङ्क तथा सूचनाहरू उद्देश्यमुखी बनाउन निम्नानुसार व्याख्या र बिश्लेषण गरी प्रस्तुत गरिएको छ ।

४.१ समुदायमा हस्तान्तरण भएका र नभएका विद्यालयहरूको अवस्था

४.२ समुदायमा हस्तान्तरण भएका र नभएका विद्यालयहरूको समस्या

४.३ समुदायमा हस्तान्तरण भएका र नभएका विद्यालयहरूको समस्या समाधानका उपायहरू

## ४.१ समुदायमा हस्तान्तरण भएका र नभएका विद्यालयहरूको अवस्था

विद्यालयहरूको अवस्था विश्लेषण अन्तर्गत छात्र छात्राको भर्ना दर,उर्त्तिण दर, कक्षा दोहोऱ्याउने दर र कक्षा छाड्ने दरलाई लिइन्छ । "उक्त अवस्थाको सुचकका रूपमा कक्षा १ मा भर्ना भएका विद्यार्थी मध्ये  कक्षा २-१० सम्म पुग्ने अनुपातीकदर समेत र नभएका विद्यालयहरूको अवस्थामा केन्द्रित रहेको  छ ।  दुवैखाले विद्यालयबाट प्राप्त भएको प्राथमिक र द्धितिय तथ्याङ्कको विश्लेषण र प्रस्तुति यहाँ गरिएको छ ।

### ४.१.१ समुदायमा हस्तान्तरण भएका विद्यालयको अवस्था

समुदायमा हस्तान्तरण भएका विद्यालयको अवस्थालाई निम्न लिखित बुँदाहरूमाहरूद्वारा व्याख्या तथा विश्लेषण गरिएको छ ।

### ४.१.१.१ समुदायमा हस्तान्तरण भएका विद्यालयमा शिक्षकको अवस्था

समुदायमा हस्तान्तरण भएका विद्यालयहरूमा अधिकांश शिक्षकहरू नयाँ र राहत शिक्षक भएकाले शिक्षकको काम सन्तोषजनक देखिएको छ । शिक्षकको यो अवस्थाले विद्यालयको पठन पाठन कार्य सन्तोषप्रद हुनुको साथै विद्यालय, शिक्षक, अभिभावक बीच सुमधुर सम्बन्ध कायम रहेको देखिन्छ । यसका साथै भौतिक सुविधाहरू राम्रो र शोभनिय भएको पाईन्छ । समुदायमा हस्तान्तर भएका विद्यालयको शिक्षकको अवस्थालाई निम्न लिखित तालिकाले स्पष्ट पार्दछ ।

**तालिका २ : समुदायमा हस्तान्तरण भएका विद्यालयको शिक्षक कर्मचारीको अवस्था**

| क्र स | विद्यालयको नाम | प्रा.वि तह शिक्षक | | नि.मा.वि तह शिक्षक | | मा.वि तह शिक्षक | | कर्मचारी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | पु. | म. | पु. | म. | पु. | म. | | |
| १ | श्री सैनामैना मा.वि | ७ | २ | ३ | १ | ४ | | ३ | २० |
| २ | श्री दुर्गा भवानी मा.वि | ५ | २ | ३ | | ३ | १ | २ | १६ |
| | जम्मा | १२ | ४ | ६ | १ | ७ | १ | ५ | ३६ |

*स्रोत : स्थलगत सर्वेक्षण, २०६६*

माथिको तालिका विश्लेषण गर्दा जम्मा ३६ जना शिक्षकहरू रहेकोमा प्रा.वि. तहमा १६ जना ४४.४४ प्रतिशत, नि.मा.वि. तहमा ७ जना १९.४४ प्रतिशत र मा.वि. तहमा ८ जना २२.२२ प्रतिशत रहेका छन् र कर्मचारी ५ जना १४.२९ प्रतिशत रहेको पाइएको छ ।

### ४.१.१.२ समुदायमा हस्तान्तरण भएका विद्यालयमा विद्यार्थी भर्नाको अवस्था

समुदायमा हस्तान्तरण भएका विद्यालयमा विद्यार्थी भर्नाको अवस्थालाई हेर्दा प्रत्येक पछिल्ला वर्षहरूमा क्रमश घट्दै गएको पाईएको छ । २०६३ सालको तुलनामा २०६४ सालमा केही कमी देखिए पनि २०६५ सालमा आईपुग्दा विद्यार्थी संख्या

प्राथमिक तहमा भन्दा माध्यामिक तहमा बढी भएको देखियो । २०६३ सालमा जम्मा विद्यार्थी संख्या १४७० रहेकोमा २०६४ सालमा १२९१ हुदै २०६५ सालमा आईपुग्दा १३६८ विद्यार्थी भर्ना भएका छन् । (परिशिष्ट ६)

विद्यार्थी संख्या प्राथमिकतहमा भन्दा निम्न माध्यमिक तथा माध्यमिक तहमा विद्यार्थी वृद्धि भएकोमा यसको कारणबारे एकजना वि.व्य.स. सदस्यले भने- हामीले यो बर्ष विद्यालय बाहिर रहेका बालवालिकाहरूलाई विद्यालयमा ल्याउन वि.व्य.स. सदस्य र शिक्षकहरू मिलेर विद्यालय सेवा क्षेत्रभित्रका सबै घरवरिपरको शैक्षिक लाभ संकलन गरी बिचैमा कक्षा छाडेका र भर्ना नभएका बालबालिकालाई विद्यालय पढाउन विशेष अनुरोध गरीयो फलस्वरूप विभिन्न उमेर समुहका बच्चाहरू समेत विद्यालय आएपछि यो बर्ष केही विद्यार्थी संख्या बढेको हो । तर पछिल्ला वर्षहरूमा सानो उमेरका बच्चाहरू नजीकको बोडीङ्ग स्कुलहरूमा भर्ना भएको कारणले प्रा.वि. स्तरमा बच्चाहरू घट्न गएको हो माथिल्लो कक्षाहरूमा निजी विद्यालयमा तथा अन्य प्रा.वि तह पारगरी आएको विद्यार्थीले गर्दा संख्यामा केही वृद्धि भएको हो ।

छात्राहरूको पनि विद्यालयमा भर्ना अघिल्लो वर्षमा भन्दा पछिल्लो बर्षमा बढी नै देखियो । यसको कारण सम्बन्धमा प्रश्न गर्दा सैनामैना मा.वि.का एक जना शिक्षिकाले भन्नुभयो“ हाम्रो विद्यालय सेवा क्षेत्र भित्र केटीहरूको संख्या केटाहरूको भन्दा बढी नै भएको र पहिले पहिले छोरीहरूले पढ्न हुदैन भनेर विद्यालय पढाउने चलन थिएन अचेल राजनैतिक, शैक्षिक चेतनाले गर्दा हरेक परिवारले छोरीहरूलाई पढाएका छन् साथै छोराहरू निजी विद्यालयमा पढाउने र छोरीहरू सामुदायीक विद्यालयमा पढ्न पठाएको कारण विद्यालयमा छात्राको उपस्थिति बढेको हो” ।

सामुदायमा हस्तान्तरण भएको विद्यालयमा विद्यार्थी संख्या प्रा.वि.तहमा भन्दा नि.मा.वि.तथा मा.वि तहमा बढ्नुमा विद्यालय सेवा क्षेत्रभित्र भर्ना अभियान सञ्चालन गर्ने विद्यालयको पहल, अभिभावकहरूमा आएको चेतना आदि जस्ता कारणलाई लिन सकिन्छ । तर शुरु शुरुमा बच्चाहरूलाई बानी पार्नका

लागि भए पनि बोडिङ्ग पढाउनुको कारण तल्लो तहमा विद्यार्थी कम भएको तथ्यलाई नकार्न सकिदैन अनि ति विद्यार्थीहरू प्रा.वि.तह पार गरी नि.मा.वि तथा मा.वि. तहमा पढ्न आउने र सेवा क्षेत्रका प्रा.वि.तह पार गरेर आउने विद्यार्थी संख्याले गर्दा नै माथिल्लो तहमा विद्यार्थीको चाप बढ्न गएको देखिन्छ ।

### ४.१.१.३ समुदायमा हस्तान्तरण भएका विद्यालयमा कक्षा उर्त्तिण, कक्षा दोहोऱ्याउने र कक्षा छाड्ने दरको अवस्था

समुदायमा हस्तान्तरण भएका विद्यालयको अवस्था एक पक्ष विद्यार्थी उत्तीर्णलाई हेर्दा पहिलो बर्षको तुलनामा दोस्रो बर्ष केही घट्नगई पछिल्लो वर्षमा कक्षा १ को उर्त्तिण प्रतिशत वृद्धि भएको देखियो । कक्षा २ को उर्त्तिण दर २०६३ मा बढोको तर २०६४मा पुनः घटेको छ भने २०६५ मा आएर उर्त्तिण दरमा केही सुधार भएको देखियो । (यसको विवरण परिशिष्ट १२ मा छ )

कक्षा १ का उर्त्तिण दर २०६३ मा ६७.३ प्रतिशत देखिएकोमा यो दर घटेर २०६४ सालमा ६६.४ प्रतिशत र २०६५ सालमा पुन बढ्न गई ७७.३ प्रतिशत पुग्न गएको देखियो । यसै गरी कक्षा २ को उत्तीण दर २०६३ मा ७८.६ प्रतिशत देखिएकोमा २०६४ मा ७६.४ प्रतिशत र २०६५ मा पुन बढेर ७९.५ प्रतिशत पुगेको देखीयो । समग्रमा यो बृद्धि दर २०६३ मा ७९.३ प्रतिशत, २०६४ मा ८०.७ प्रतिशत हुदै २०६५ मा ८६.२ प्रतिशत पुगेको तथ्यलाई परिशिष्ट १२ ले देखाएको छ । विद्यालयमा छात्राहरूको उत्तीणदर छात्रहरूको तुलनामा २०६३ र ०६४ मा बढेको र ०६५मा भने केही घटेको पाईयो । जसअनुसार २०६३ मा छात्राको उत्तीण दर र ८१.३ प्रतिशत, ०६४मा ८२ प्रतिशत र २०६५ मा आउदा यो दर बढेर ८५.३ प्रतिशत पुगेको देखियो । पछिल्लो बर्षमा छात्राहरूको उर्त्तिण दर बढेतापनि छात्रहरूको तुलनामा केहीकम भएको पाइयो ।

उर्त्तिण दरमा सुधार हुदै जादा कक्षा दोहोऱ्याउनेमा पनि सुधारहुदै गएको कुरा तथ्याङ्कले प्रष्ठ देखाएको छ । तथ्याङ्क अनुसार कक्षा १ को कक्षा छाड्ने र

दोहोऱ्याउने दर सुरुमा बढी देखिएको भए तापनि पछि सामान्य सुधार भई २०६४ र २०६५ सालमा कक्षा १ को  तथ्याङ्क लाई हेर्दा कक्षा छाड्ने दर ५६ प्रतिशत देखिन्छ त्यस्तो कक्षा दोहोऱ्याउनेमा क्रमस सुधार हुदै गएको देखिन्छ । समग्र रूपमा हेर्दा कक्षा दोहोऱ्याउने दर सुरुमा १४.३ प्रतिशत भएकोमा २०६४ र ०६५ मा क्रमस १३.१ प्रतिशत र ९.२ प्रतिशत पुगेको देखियो । त्यस्तै समग्र रूपमा हेर्दा २०६३ मा १०.४ प्रतिशत भएकोमा २०६४ र २०६५ मा सुधार भई ६.२ प्रतिशत र ४.६ प्रतिशत रहेको तथ्याङ्कबाट प्रष्ठहुन्छ ।

### ४.१.१.४ समुदायमा हस्तान्तरण भएका विद्यालयहरूको भौतिक अवस्था

समुदायमा हस्तान्तरण भएका विद्यालयहरूको भौतिक अवस्थाको अवलोकन गर्दा अलि दयनिय अवस्था देखा पर्दछ किनभने कुनै पनि विद्यालय भैतिक सम्पन्न भएको छ भने सो विद्यालय समुदायमा हस्तान्तरण भएको देखिदैन र सोही अनुरूप दुर्गा भवानी मा. वि.को भौतिक अवस्थामा २ वटा टिनले छाएको बल्क को भवन, १ वटा ६ कोठे पक्की भवन र अहिले नयाँ दुई तले १२ कोठे पक्की भवन रहेको छ । जहाँ खानेपानीको सुविद्या हुनुको साथै विद्यालयको गेट निर एउटा क्यान्टीनको व्यवस्था पनि रहेको देखियो ।

### ४.१.१.५. समुदायमा हस्तान्तरण भएका विद्यालयहरूको शिक्षक विद्यार्थी अनुपात

विद्यार्थी शिक्षक अनुपातले पनि विद्यालयको शैक्षिक गुणस्तरलाई माथी उठाउन महत्वपूर्ण भूमिका खेल्ने प्रष्ट हुन्छ । अध्ययनको कममा छनोट परेका दुई वटा समुदायमा हस्तान्तरण भएका विद्यालयका शिक्षक विद्यार्थी अनुपात निकालिएको छ । जसलाई तालिकाले स्पष्ट पार्दछ ।

**तालिका ३ : समुदायमा हस्तान्तरण भएका विद्यालयहरूको शिक्षक विद्यार्थी अनुपात**

| जम्मा औषत विद्यार्थी संख्या | जम्मा शिक्षक संख्या | महिला शिक्षक संख्या | शिक्षक विद्यार्थी अनुपात | महिला शिक्षक अनुपात |
|---|---|---|---|---|
| १३२८ | ३६ | ९ | १:३७ | १:१४८ |

*स्रोत: स्थलगत सर्वेक्षण, २०६६*

माथिको तालिका विश्लेषण गर्दा जम्मा शिक्षक ३६ जना रहेकोमा महिलाको संख्या जना २५ प्रतिशत रहेको पाइएको छ र महिला शिक्षक अनुपात १:१४८ रहेको छ ।

### ४.१.२ समुदायमा हस्तान्तरण नभएका विद्यालयको अवस्था

समुदायमा हस्तान्तरण नभएका विद्यालयको अवस्थालाई निम्न लिखित बुँदाहरूबाट व्याख्या तथा विश्लेषण गरिएको छ ।

#### ४.१.२.१. समुदायमा हस्तान्तरण नभएका विद्यालयहरूको शिक्षकको अवस्थाः

समुदायमा हस्तान्तरण नभएका विद्यालयहरूको अवस्थालाई अवलोकन गर्दा ती विद्यालयहरू पुराना तथा सेवाक्षेत्र बढि भएकाले शिक्षक संख्या बढि देखियो । यसको साथ साथै विद्यार्थी संख्या पनि संतोषजनक भएको पाईन्छ । तर वर्तमान अवस्थामा शिक्षकको हेलचक्राइले गर्दा विद्यार्थी भर्नामा खासै उल्लेखनिय प्रगति भएको छैन । शिक्षकको सेवा अवधी धेरै वर्ष भएकाले शिक्षकहरूले पठनपाठनमा त्यती मिहिनेत गरेको पाईदैन । शिक्षकको अवस्थालाई अझ बढि स्पष्ट पार्न तलको तालिकाले सघाउ पुऱ्याने छ ।

**तालिका ४ : समुदायमा हस्तान्तरण नभएका विद्यालयहरूको शिक्षकहरूको अवस्था**

| क सं | विद्यालयको नाम | प्रा.वि.तह शिक्षक | | नि.मा.वि तह शिक्षक | | मा.वि तह शिक्षक | | कर्मचारी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | पु. | म. | पु. | म. | पु. | म. | | |
| १. | पर्रोहा उच्च मा.वि. | ८ | ३ | ६ | १ | ६ | २ | ५ | ३१ |
| २. | रामापुर उच्च मा.वि. | ७ | २ | ४ | | ४ | १ | ३ | २१ |
| | जम्मा | १५ | ५ | १० | १ | १० | ३ | ८ | ५२ |

*स्रोत: स्थलगत सर्वेक्षण, २०६६*

माथिको तालिकामा जम्मा ५२ जना शिक्षकहरूमध्ये प्रा.वि. तहमा २० जना ३८.४६ प्रतिशत, नि.मा.वि. तहमा ११ जना २१.१५ प्रतिशत, मा.वि. तहमा १३ जना २५ प्रतिशत शिक्षकहरू रहेको पाइयो । जसमा कर्मचारीहरू ८ जना १५.३८ प्रतिशत रहेका छन् ।

### ४.१.२.२ समुदायमा हस्तान्तरण नभएका विद्यालयका विद्यार्थी भर्ना दरको अवस्था

समुदायमा हस्तान्तरण नभएका विद्यालयको प्रवृतीलाई  हेर्दा सामान्य रूपमा घटेको देखियो । (यसको विवरण परिशिष्ट १२ मा छ) त्यसै गरी छात्राहरूको विद्यालयको भर्ना स्थिति हेर्दा छात्रको  भन्दा छात्राको  भर्ना बढि देखियो । उदाहरणको लागि २०६३ मा छात्राको भर्ना ५५.१ प्रतिशत र छात्रको ४४.९ प्रतिशत,२०६४ मा छात्राको ५६ प्रतिशत र छात्रको ४४ प्रतिशत र २०६५मा छात्राको ५०.८ प्रतिशत छात्रको ४९.२ प्रतिशत रहेको भेटियो । जुन तथ्यालाई परिशिष्ट ९ को तालिकाले अझ प्रष्ठ पार्दछ ।

विद्यालयमा छात्र छात्राहरूको तुलनामा छात्राहरू बढि देखिएको सम्बन्धमा रामापुर उ.मा.वि र पर्रोहा उ.मा.वि र धेरै शिक्षकहरूले “छोरीहरूले पनि पढ्नु पर्छ भन्ने चेतना विस्तार भएकोले यस्तो भएको हो ।” भन्ने जवाफ दिए तर  शिक्षकहरूको यस्तो विचार प्रति रामापुर उ.मा.वि.का प्र.अ. ले आंशिक सहमति जनाउदै भन्नुहुन्छ, “मुल कुरा चाहि छोरालाई निजी विद्यालयमा पढाउने चलनले सामुदायीक विद्यालयमा छोरीको संख्या वढी देखिएको हो ।”

विद्यालयहरूको छात्र-छात्राको भर्ना अवस्था परिशिष्ट ९ र उत्तरदाताहरूको उक्त विचार र भोगाईलाई हेर्दा यस कुरामा केहि सत्यता भएको पुष्टि हुन्छ ।

### ४.१.२.३. समुदायमा हस्तान्तरण नभएका विद्यालयको शिक्षक विद्यार्थी अनुपात

अध्ययनको क्रममा समुदायमा हस्तान्तरण नभएका विद्यालयको शिक्षक विद्यार्थी अनुपातको अध्ययन गरे जस्तै समुदायमा हस्तान्तरण नभएका विद्यालयमा

पनि सोही क्रमले अध्ययन गरिएको थियो जसलाई तालिकाद्धारा स्पष्ट देखाउन सकिन्छ ।

**तालिका ५ : समुदायमा हस्तान्तरण नभएका विद्यालयहरूको शिक्षक विद्यार्थी अनुपात**

| जम्मा औषत विद्यार्थी संख्या | जम्मा शिक्षक संख्या | महिला शिक्षक संख्या | शिक्षक विद्यार्थी अनुपात | महिला शिक्षक अनुपात |
|---|---|---|---|---|
| २२७८ | ५२ | १३ | १:४४ | १:१७५ |

*स्रोतः स्थलगत सर्वेक्षण, २०६६*

समुदायमा हस्तान्तरण नभएका विद्यालयहरूमा जम्मा ५२ जना शिक्षक रहेकोमा १३ जना २५ प्रतिशत महिला शिक्षकहरू रहेको पाइएको छ । जसमा महिला शिक्षक अनुपात १:१७५ रहेको छ ।

### ४.१.२.४ समुदायमा हस्तान्तरण नभएका विद्यालयमा कक्षा उर्त्तिण, कक्षा दाहोऱ्याउने र कक्षा छाड्ने दरको अवस्था

परिशिष्ट १३ मा समुदायमा हस्तान्तरण नभएका विद्यालयको विभिन्न वर्षको आन्तरिक दक्षताको अवस्थालाई तालिकामा देखाईएको छ । तालिकाले समग्र विद्यालयको विद्यार्थी कक्षा उर्त्तिण आंशिकरूपमा बढेको संकेत गर्दछ । विद्यालयको उर्त्तिण अवस्था निश्चित स्वरूपको देखाएको छ । जसमा २०६३ सालमा ७८.५ प्रतिशत उर्त्तिण रहेकोमा २०६४ मा गएर यसमा केही बृद्धि भई ८३.५ प्रतिशत पुगेको देखिन्छ फेरी २०६५ मा ८० प्रतिशत उर्त्तिण दर देखाएकोमा यसलाई मिश्रीत खालको दर भनिएको हो । सबे वर्षमा सबै तहमा छात्रको भन्दा छात्राको उर्त्तिण दर बढी देखियो कक्षा १ मा २०६३को भन्दा २०६४मा उर्त्तिण दर घट्न गए तापनि २०६५मा सोही तहमा उर्त्तिण दर बढेको छ । अन्य कक्षाको उर्त्तिण दर पनि घट्ने, बढ्ने देखिन्छ । समग्र रूपमा हेर्दा उर्त्तिण दर बढेको देखिएको छ । कक्षा दोहोऱ्याउने अवस्थालाई कमगर्ने दिशा तर्फ ध्यान दिइएको परिशिष्ट १३ को तालिकाले स्पष्ट पार्दछ तर २०६३ को भन्दा २०६४ मा कक्षा दोहोऱ्याउने दर घटेको देखिए पनि २०६४ को भन्दा २०६५ मा केहि वढेको छ । तर

२०६३ भन्दा बढेको देखिदैन । त्यसमा कक्षा १ को २०६३ मा कक्षा दोहोऱ्याउने दर २३.२ प्रतिशत रहेकोमा २०६४ मा बढेर ३४ प्रतिशत पुगेको देखिन्छ । २०६५ मा केही सुधार आई १७.८ प्रतिशत रहेको कुरा परिशिष्ट १३ बाट प्रष्ट हुन्छ त्यस्तै कक्षा ५ मा २०६३ मा ११.१ प्रतिशत रहेकोमा २०६४ मा केही सुधार भई ५ प्रतिशत रहेको छ । फेरी २०६५ मा कक्षा दोहोऱ्याउने दर बढेर १४.३ प्रतिशत पुगेको देखिन्छ । कक्षा ८ को हकमा २०६३ मा २०.३ प्रतिशत रहेकोमा २०६४ मा केहि बढेर २२ प्रतिशत पुगेको र २०६५ मा पुन सुधार भई १७.७ प्रतिशत मा झरेको देखिन्छ । समग्ररूपमा कक्षा दोहोऱ्याउने दरलाई हेर्दा २०६३ मा १६.२ प्रतिशत रहेकोमा २०६४ मा केहि सुधार भई १२.२ प्रतिशत मा झरेको देखिन्छ भने २०६५ मा फेरी केहि बृद्धि भई १५.६ प्रतिशत रहे तापनि २०६३ मा भन्दा कम देखिन्छ तर यसलाई उल्लेखनीय सुधार मान्न सकिदैन । समग्रमा कक्षा छाड्ने दर को अवस्था २०६३ मा ५.३ प्रतिशत रहेकोमा २०६४ मा आइ पुग्दा केहि सुधार भई ४.३ प्रतिशत रहेको देखिन्छ भने २०६५ मा ४.४ प्रतिशत कायम रहेको देखियो जसलाई परिशिष्ट १३ को तालिका बाट प्रष्ट हुन्छ । छात्र छात्राको कक्षा छाड्ने दरमा तात्विक भिन्नता देखिएन कुनै कक्षामा छात्रको कक्षा छाड्ने दर बढी र कुनै कक्षामा छात्राको कक्षा छाड्ने दर बढि देखियो ।

समुदायमा हस्तान्तरण भएका र नभएका विद्यालयहरूको अवस्था सम्बन्धमा बैज्ञानिक व्यवस्थाको सिद्धान्त अनुसार व्यवस्थापन गर्न सकिएको खण्डमा हरेक विद्यालयहरूको अवस्थामा सुधार आउने देखिन्छ ।

### ४.१.२.५ समुदायमा हस्तान्तरण नभएका विद्यालयहरूको भौतिक अवस्था

समुदायमा हस्तान्तरण नभएका विद्यालयहरूको भौतिक अवस्थालाईलाई अवलोकन गर्दा निकै राम्रो अवस्था देखियो । कुनै पनि कुरामा कमिको महसुस भएन । विद्यालय पुरानो र सेवा क्षेत्र धेरै भएकाले विद्यार्थी संख्या पनि धेरै रहेको र सोही अनुसारका भौतिक सुविधा सम्पन्न रहेको पाइयो । भवनहरू प्रयाप्त मात्रामा भएको र एउटा एल आकारको विधालयको भवन भित्र खेल मैदान, फुटवल मैदान, प्रयाप्त मात्रामा रहेको पाइयो । छुट्टै क्याम्पसको भवनमा छुट्टै खेल मैदानको व्यवस्था देखियो । यसबाट स्पष्ट

हुन्छकी समुदायमा हस्तान्तरण नभएका विद्यालयहरूको कुनै पनि कुरामा भौतिक सुविधा कम भएको देखिएन ।

### ४.१.२..६ समुदायमा हस्तान्तरण भएका र नभएका दुवै विद्यालयहरूको विद्यार्थीको उपस्थिति

अध्ययन अनुसन्धानको क्रममा शोधार्थीले एउटा नयाँ एंवम् प्रगतिको कुरालाई अगाडी सार्दै समुदायमा हस्तान्तरण नभएको अवस्थामा भन्दा समुदायमा हस्तान्तरण भएपछिको अवस्थामा विद्यार्थीहरूको विद्यालयमा उपस्थिति कस्तो रहेछ भनि नियाल्दा समुदायमा हस्तान्तरण भए पछिको अवस्था राम्रो देखियो । जसलाई तलको तालिकाले स्पष्ट देखाउछ ।

**तालिका ६ : समुदायमा हस्तान्तरण भएका र नभएका दुवै विद्यालयहरूको विद्यार्थीको उपस्थिति**

| कक्षागत औषत विद्यार्थी, उपस्थिति | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विद्यालय | विद्यालय खुलेको दिन | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
| सैनामैना मा.वि.* | २१५ | १५० | १५३ | १५६ | १६० | १६५ | १७२ | १८० | १८८ | १९२ | १६६ |
| | | ६९.८% | ७१.२% | ७२.६% | ७४.४% | ७६.७% | ८०% | ८३.७% | ८७.४% | ८४.३% | ७७.२% |
| दुर्गा भवानी मा.वि.* | २१० | १२५ | १५४ | १५७ | १६१ | १६४ | १७० | १७९ | १८२ | १८६ | १६३ |
| | | ७२.४% | ७३.३% | ७४.८% | ७६.७% | ७८.१% | ८०.१% | ८५.२% | ८६.७% | ८८.७% | ७७.६% |
| पर्रोहा उ.मा.वि+ | २०७ | १४५ | १४८ | १५० | १५३ | १५५ | १५९ | १६५ | १७० | १७९ | १५० |
| | | ७०% | १७.५% | ७२.५% | ७३.४% | ७४.९% | ७६.८% | ७९.७% | ८२.१% | ८६.५% | ७२.५% |
| रामापुर उ.मा.वि+ | २०३ | १४१ | १४४ | १४९ | १४६ | १५४ | १५८ | १६२ | १६८ | १७५ | १४९ |
| | | ६९.५% | ७०.९% | ७३.४% | ७१.९% | ७५.९% | ७७.८% | ७९.८% | ८२.८% | ८६.२% | ७३.४% |

*स्रोत: स्थलगत सर्वेक्षण, २०६६*

*समुदायमा हस्तान्तरण भएका विद्यालय

+समुदायमा हस्तान्तरण नभएका विद्यालय

## ४.२ समुदायमा हस्तान्तरण भएका र नभएका विद्यालयहरूको समस्या

प्रस्तुत अध्ययनमा विद्यालयको समस्याको व्याख्या गर्दा निम्नलिखित बुँदाहरूमा आधारित रही व्याख्या गरिएको छ ।

### ४.२.१ समुदायमा हस्तान्तरण भएका विद्यालयहरूको समस्या

समुदायमा हस्तान्तरण भएका विद्यालयहरूको समस्याहरूलाई हेर्दा प्रत्येक पछिल्ला वर्षहरूमा विद्यार्थी भर्ना घट्दै गएको देखिन्छ । २०६३ सालमा १४७० विद्यार्थी संख्या रहेकोमा २०६५ सालमा १३६८ जना विद्यार्थी संख्या रहेको छ जुन समुदायमा हस्तान्तरण भएको विद्यालयमा प्रमुख समस्याको रूपमा देखिएकोछ । त्यसैगरी दलित, पिछडिएका जनजाती एंवम अपाङ्ग विद्यार्थीलाई विद्यालयमा ल्याउन कुनै कार्यक्रम संचालन नगरीएको, विद्यालय जाने उमेरका बालबालिकाहरू समुदायमा कति छन् भनि पहिचान नगरिएको, बीचैमा विद्यालय छाड्ने, अनियमित हुने विद्यार्थीहरूलाई विद्यालयमा ल्याउने प्रयास नगरिएको, कक्षा कोठाको आकार सानो भएकाले विद्यार्थीहरूलाई बस्न कठिनाई भएको जस्ता समस्या देखिएकाछन् ।

विद्यालय र समुदाय बीच प्रभावकारी संचारको कमी भएको, बालबालिकाको पठन पाठनको लागि वि.व्य.स तथा अभिभावकले त्यति चासो नदेखाएका, चेतना अभिबृद्धि बढाउन कुनै कार्यक्रम नल्याइएको, फर्निचरहरूको बृद्धि तथा मर्मत नभएको, विद्यालयमा नियमित रूपमा निरिक्षण/अनुगमनमा सरोकारवालाहरूले चासो नदेखाएको, विद्यार्थी उत्तीर्ण दर वृद्धि गर्न खासै योजना नबनाइएको, पेशागत स्थर वृद्धिका लागि तालिममा सिकेको ज्ञान सीप र अनुभवलाई कक्षा शिक्षणमा प्रयोग नगरिएको, विद्यार्थीहरू प्रति उच्च स्तरको स्नेह, शिष्टता, मर्यादा र सहानुभुतिमा खासै प्रभावकारी असर नपरेको, विद्यालयको चल अचल सम्पत्तिलाई संरक्षण नगरिएको, विद्यार्थी भर्ना दरमा वृद्धि गर्न कुनै पहल नगरिएको, विद्यालयको नीति निमार्णमा अभिभावकहरूलाई सहभागी नबनाइएको, विद्यार्थी खेल मैदानको आकार वृद्धिमा चासो नदेखाइएको, राम्रो काम गर्नेलाई पुरस्कार नराम्रो कामका लागि दण्डको व्यवस्था नभएको, विद्याथीहरूको रुची अनुसार पाठ्य पुस्तकको व्यवस्था नहुनु जस्ता समस्याहरू समुदायमा हस्तान्तरण भएका विद्यालयहरूमा देखिएकाछन् ।

विद्यार्थी समुह माझ निरन्तर परामर्श सहयोग र सहकार्यको वातावरण निमार्ण नगरिएको, विद्यालय राजनैतिक, सामाजिक तथा साम्प्रदायिक तनाव तथा बिवादमा ग्रसित भएको, विद्यालयमा आर्थिक, भौतिक, शैक्षिक, पक्षमा पारदर्शिता कमी भएको, शिक्षण सिकाईलाई विद्यार्थी केन्द्रित भन्दा शिक्षक केन्द्रितमा जोड दिइएको, विद्यालयको पढाई प्रति कुनै वैज्ञानिक धारणा व्यक्त नगरिएको, शिक्षक विद्यार्थी आचार संहिताको राम्रो तालमेल नमिलेको, सामाजिक लेखापरिक्षणलाई चासो नदेखाइएको यस्ता समस्याले गर्दा समुदायमा हस्तान्रण भएका विद्यालयहरूलाई पिरोलि रहेकोछ ।

### ४.२.२ समुदायमा हस्तान्तरण नभएका विद्यालयहरूको समस्याहरू

समुदायमा हस्तान्तरण नभएका विद्यालयहरूको समस्याहरूलाई अबलोकन गर्दा सामान्यरूपमा विद्यार्थीहरूको चाप घटेको देखिन्छ । विद्यालयमा विद्यार्थीहरूको चाप घटनुमा विद्यालय प्रशासन तथा प्र.अ विद्यालय प्रति पुर्ण रूपमा जवाफदेही नदेखिनु, विद्यार्थी भर्नाको लागि आवश्यक पहल नगर्नु, विद्यार्थी उतिर्ण दर नाजुक भएको, विद्यार्थीहरूको कक्षा दोहोऱ्याउने कम बढी भएको जस्ता समस्या देखिएकाछन् ।

समुदायमा हस्तान्रण नभएका विद्यालयका मुलभुत समस्याहरूमा विद्यार्थी शिक्षण सिकाई क्रियाकलापलाई चासोको बिषय नबनाइएको, अभिभावकहरूमा चेतनाको कमी देखिएको, शिक्षक अभिभावक संघको महत्त्व नबुझइएको, शिक्षकलाई पेशा प्रति आकर्षण गर्न कुनै कार्यक्रमको व्यवस्था नगरिएको, दलित, अपाङ्गलाई विद्यालयमा ल्याउन कुनै खास पहल नगरिएको, विद्यालयको योजनामा विद्यार्थी तथा अभिभावकलाई सहभागी नबनाइएको, विद्यालयको आर्थिक विवरण पारदर्शि रूपबाट अभिभावकलाई जानकारी नगराईएको, शिक्षकलाई पुर्नताजकी तालिमको व्यवस्था नभएको, विद्यार्थीलाई उत्तीर्ण गराउन परीक्षाको मात्र आधार लिइएको जस्ता समस्याहरू रहेका छन् ।

समुदायमा हस्तान्तरण नभएका विद्यालयहरूलाइ अझ बढी गहीरेर हेर्दा विद्यार्थीहरूमा निरन्तर मूल्याङ्कन नगरीएको, शिक्षक, विद्यार्थी र अभिभावक बीच निरन्तर अन्तरकृया कार्यक्रम नगरीएको, स्थानीय श्रोत र साधनको अधिक्तम प्रयोग नगरिएको, शिक्षण सामागीको प्रयोग गर्दा स्थानियतालाई कम ग्रहयता दिईएको, अभिभावकलाई घर दैलो कार्यकमद्धारा भेटी विद्यार्थीहरूको प्रगती विवरण नदिईएको, मूल्याङ्कन कार्यलाई प्राथमिकता नदिएको, कक्षा कोठाको आकार साघुरो भएकोले विद्यार्थीहरूको पढाइमा बाधा पुगेको, समुदायमा हस्तान्तरण नभएका वि.व्या.स.ले स्थानिय समुदायसँग सुमधुर सम्बन्ध स्थापना गर्न नसकेको देखियो र वि.व्या.समिति समावेसी भएको पाइएन ।

## ४.३ समुदायमा हस्तान्तरण भएका र नभएका विद्यालयहरूको समस्या समाधानका उपायहरू

### ४.३.१ समुदायमा हस्तान्तरण भएका विद्यालयहरूको समस्या समाधानका उपायहरू

समुदायमा हस्तान्तरण भएका विद्यालयहरूको समस्या समाधानका उपायहरूलाई बिचार गर्दा घट्दै गएको विद्यार्थी संख्यालाई बढाउन शिक्षक अभिभावक तथा वि.व्य.स. लगाएत सम्पूर्ण विद्यालय संग सरोकार वालाहरू सजग र सचेत हुनु जरुरी देखिन्छ । यसका साथै विद्यालयले दलित पिछडिएका जनजाती एवं अपाङ्ग विद्यार्थीलाई विद्यालयमा ल्याउन आवश्यक कार्यकम संचालन गरी विद्यार्थीभर्ना दरमा बृद्धि गर्नुपर्ने, विद्यालय जाने उमेरका वालवालिकाहरू समुदायमा कति छन् ? पहिचान गरि विद्यालय ल्याउन जोड दिने, बिचैमा विद्यालय छाड्ने, अनियमित हुने विद्यार्थीहरूलाई नियमित विद्यालय ल्याउन आवश्यक कार्यकम संचालन गर्ने, कक्षा कोठाको आकार बढाउन जोड दिनुपर्ने, विद्यालय र समुदाय बिच प्रभावकारी संचारको व्यवस्था गर्नु पर्ने, वालवालिकाको पठनपाठनका लागि वि.व्या.स.तथा अभिभावकले सहयोग तथा प्रोत्साहन गर्नुपर्ने, चेतना अभिबृद्धि बढाउन जोड दिनुपर्ने, फर्निचरको बृद्धि, मर्मत सम्भार जस्ता कार्यहरू हुनुपर्ने, विद्यालय नियमित रूपमा निरीक्षण अनुगमन गर्नु पर्ने, विद्यार्थी उत्तीर्णदर बृद्धि गर्न आवश्यक योजना बनाई शिक्षण कार्य गर्नुपर्नेजस्ता उपायहरू लाई अवलोकन गर्नु पर्दछ ।

समुदायमा हस्तान्तरण भएका विद्यालयहरू का समस्या समाधानका उपायलाई अझ गहन रूपले हेर्ने हो भने पेशागत स्तर बृद्धिका लागि तालिममा सिकेका ज्ञान र अनुभवलाई कक्षा शिक्षणमा पूर्णतया प्रयोग गर्नुपर्ने, विद्यार्थीप्रति उच्च स्तरको स्नेह, शिष्ठता, मर्यादा र सहानुभूति राख्दै सदैव राम्रा कार्यहरूप्रति प्रोत्साहन गर्नुपर्ने, विद्यालयको चल अचल सम्पत्तिको संरक्षण, सम्बर्द्धन र अभिबृद्धिमा सहयोग गर्नु पर्ने  विद्यार्थी भर्नाका लागि आवश्यक पहल गर्नु पर्ने, विद्यालयको आवश्यक योजना निर्माणका लागि अभिभावक, विद्यार्थी, शिक्षक सबै सरोकारवालाहरूको सहभागिता बढाउनुपर्ने, विद्यार्थी खेल मैदानको आकारमा बृद्धि गर्न पहल गर्नुपर्ने, राम्रो काम गर्नेलाई पुरस्कार र नराम्रो काम गर्नेलाई दण्डको व्यवस्था हुनुपर्ने, विद्यार्थीहरूको रुचि र आवश्यकता अनुसारको पाठ्यपुस्तकको व्यवस्था गर्नुपर्ने, विद्यार्थी समूहमा निरन्तर परार्मश सहयोग र सहकार्य व्यवस्था गर्नुपर्ने, विद्यालयमा राजनैतिक, सामाजिक र साम्प्रदायीक भावनाको तनावलाई आउन नदिने, विद्यालयमा आर्थिक, भौतिक, शैक्षिक पक्षमा पारदर्शियता ल्याउनुपर्ने, शिक्षण सिकाई कियाकलापलाई विद्यार्थी केन्द्रित बनाउनुपर्ने, विद्यालयको पढाईलाई वैज्ञानिक बनाउन शिक्षकलाई तालिम व्यवस्था गर्नुपर्ने, शिक्षक विद्यार्थीहरूको आचार संहिताको तालमेल मिलाउने, सामाजिक लेखा परिक्षणमा चासो दिने जस्ता कुराहरूमा सरोकारवालाहरूको ध्यान जानुपर्ने देखिन्छ ।

### ४.३.२ समुदायमा हस्तान्तरण नभएका विद्यालयका समस्या समाधानका उपायहरू

समुदायमा हस्तान्तरण नभएका विद्यालयका समस्या समाधानका उपायहरू लाइ हेर्दा सामान्यरूपमा घट्दै गइरहेका विद्यार्थी संख्याहरूलाई बढाउन सबै सरोकारवालाहरू पहलरत हुनुजरुरी देखिन्छ साथै प्र.अ. तथा विद्यालय प्रशासन विद्यालय प्रति पूर्ण रूपमा जवाफदेही हुनुपर्ने, विद्यालयमा विद्यार्थी भर्नाको लागि आवश्यक पहल गर्नुपर्ने, विद्यालयमा उत्तीर्णदर तिव्र बनाउन सुधारको लागि विभिन्न पहलहरू गर्नुपर्ने, विद्यार्थीले कक्षा दोऱ्याउने दरलाई कम गराउन शिक्षकसँग आवश्यक सरसल्लाह गर्न विद्यार्थीको शिक्षण सिकाई कियाकलापलाई विशेष जोड दिनुपर्ने, विद्यार्थीको शिक्षण सिकाई कियाकलापलाई चासोको विषय बनाउनुपर्ने, अभिभावकहरूलाई शिक्षा प्रति सचेत बनाउनु पर्ने, शिक्षक अभिभावक संघको महत्वलाई अभिभावकहरूलाई बुझाउनुपर्ने, शिक्षकलाई पेशा प्रति आकर्षण गर्न विशेष कार्यक्रमहरू ल्याउनुपर्ने र विद्यालयमा दलित,

अपाङ्ग विद्यार्थीहरूलाई ल्याउन विशेष कार्यकमका साथ अगाडि बढ्नु पर्ने जस्ता समस्या समाधानका उपायहरू अबलम्बन गर्नुपर्छ ।

समुदायमा हस्तान्तरण नभएका विद्यालयहरूको समस्या समाधानका उपायहरू लाई मध्य नजर गर्दा विद्यालयको योजनामा अभिभावकहरूलाई सहभागी बनाउनु पर्ने, विद्यालयको आर्थिक विवरण पारदर्शी बनाउन अभिभावकलाई जानकारी गराउनु पर्ने, शिक्षकलाई पठनपाठन सुधार गर्न पुनर्ताजकी तालिमको व्यवस्था गर्नुपर्ने, विद्यार्थीलाई उत्तीर्ण गराउन परीक्षा लगायत आन्तरिक मूल्याङ्कनको पनि व्यवस्था गर्ने, विद्यार्थीहरूको प्रगति थाहा पाउन निरन्तर मूल्याङ्कनको व्यवस्था गर्नुपर्ने, शिक्षक, विद्यार्थी र अभिभावकबीच अन्तरक्रियात्मक कार्यक्रम हुनुपर्ने, स्थानीय स्रोत र साधनको अधिकतम प्रयोग गरिनुपर्दछ, शिक्षण सामग्रीको प्रयोग गर्दा बढी महङ्गा सामग्रीलाई भन्दा स्थानीयतालाई प्राथमिकता दिनुपर्ने, अभिभावकलाई घरदैलो कार्यकमबाट भेटी विद्यार्थीहरूको प्रगति विवरण लिनुपर्ने, मूल्याङ्कनको कार्यलाई प्राथमिकता दिनुपर्ने, कक्षाकोठाको आकार साँघुरो भएकाले सुधार गर्नुपर्ने, समुदायमा हस्तान्तरण नभएका वि.व्य.स.ले स्थानीय समुदायसँग सुमधुर सम्बन्ध स्थापना गर्नुपर्ने, वि.व्य.स. समावेशी हुनुपर्नेजस्ता उपायहरूको अबलम्बन गरेको खण्डमा समुदायमा हस्तन्तरण नभएका विद्यालयहरूको समस्या समाधान हुने कुरामा दुइमत देखिदैन ।

# परिच्छेद : पाँच
# प्राप्ति, निष्कर्ष र सुझावहरू

यस अध्ययनमा तीनवटा क्षेत्रहरू समेटिएको छ । पहिलोले अध्ययनको प्राप्तिहरूलाई समेटेको छ, दोस्रोले अध्ययनको निष्कर्षहरू समेटेको र तेस्रोले भविष्यमा शिक्षा क्षेत्रसंग सम्बन्धित विभिन्न निकायले कस्ता कस्ता कार्यक्रमहरू संचालन गर्दा शिक्षा क्षेत्रले अपेक्षित उपलब्धि हासिल गर्न सक्छ भनि सुझावहरू प्रस्तुत गरिएको छ ।

## ५.१ प्राप्ति

समुदायमा हस्तान्तरण भएका र नभएका विद्यालयहरूको अवस्था अध्ययन शीर्षकको शोधकार्यको व्याख्या र विश्लेषणबाट प्राप्त प्राप्तिहरूलाई निम्नानुसार उल्लेख गरिएको छ :

समुदायमा हस्तान्तरण भएका विद्यालयका विद्यार्थी भर्नाको अवस्थालाई हेर्दा प्रत्येक पछिल्ला वर्षहरूमा विद्यार्थी भर्ना घट्दै गएको पाइयो भने समुदायमा हस्तान्तरण नभएका विद्यालयहरूमा छात्रहरूको भन्दा छात्राहरूको भर्ना बढी भएको पाइयो । समुदायमा हस्तान्तरण भएका विद्यालयहरूमा कक्षा उत्तीर्ण पछिल्ला वर्षहरूमा भन्दा केहि प्रगति भएको पाइयो । जस्मा २०६३ सालमा कक्ष १ मा उत्तीर्ण दर ६७.३ प्रतिशत रहेको छ भने २०६५ सालमा उत्तीर्ण दर ७७.३ प्रतिशत रहेको पाइयो ।

समुदायमा हस्तान्तरण भएका विद्यालयहरूको जम्मा औसत विद्यार्थी संख्यालाई हेर्दा १३२८ देखियो । शिक्षक विद्यार्थी अनुपात १:३७ पाइयो भने महिला शिक्षक अनुपात १:१४८ पाइयो । यसरी हेर्दा समुदायमा हस्तान्तरण भएका विद्यालयहरूमा भन्दा समुदायमा हस्तान्तरण नभएका विद्यालयको शिक्षक विद्यार्थी अनुपात बढी भएको पाइयो जसमा समुदायमा हस्तान्तरण भएका विद्यालयको शिक्षक विद्यार्थी अनुपात १:४४ रहेको छ भने महिला शिक्षक अनुपात १:१७५ भएको पाइयो ।

कक्षागत शिक्षक विद्यार्थी उपस्थिति हेर्दा समुदायमा हस्तान्तरण नभएका भन्दा समुदायमा हस्तान्तरण भएका विद्यालयहरूमा शिक्षक विद्यार्थीहरू उपस्थिति बढी भएको पाइयो । समुदायमा विद्यालय व्यवस्थापनको जिम्मा दिइसकेपछि विद्यालयमा भौतिक श्रोत र साधनहरूको प्रयोग तथा परिचालन भएको, विद्यालय र समुदायबीचको सम्बन्धमा विगतको तुलनामा वर्तमान अवस्थामा सुधार भएको, विद्यालयमा विद्यार्थीहरूको उपस्थितिमा वृद्धि भएको, विद्यालयमा विद्यार्थीहरूको कक्षागत सिकाइ उपलब्धी विगतको तुलनामा वर्तमान अवस्थामा वृद्धि भएको, विद्यालयमा विद्यार्थीहरूको विषयगत सिकाइ उपलब्धी विगतको तुलनामा वर्तमान अवस्थामा वृद्धि भएको, विद्यालयको व्यस्थापन समितिले खेल्ने भूमिकामा विगतको तुलनामा विगतको तुलनामा वर्तमान अवस्थामा सक्रिय रहेको पाइयो ।

विद्यालयको शैक्षिक व्यवस्थापन वृद्धि गर्न समुदायको सहयोग जुटाउने कार्यमा विद्यालय व्यवस्थापन समिति सक्रिय रहेको पाइयो, विद्यालयमा विद्यार्थी भर्नादर वृद्धि गर्न विद्यालय प्रशासनको सक्रियता वृद्धि भएको पाइयो, विद्यालयमा विद्यार्थीहरूको उत्तीर्ण प्रतिशतमा विगतमा (विद्यालय समुदायमा हस्तान्तरण हुनुभन्दा अगाडि) को अवस्थामा बृद्धि भएको पाइयो, छात्राहरूको भर्नादरमा वृद्धि र कक्षा छाड्ने दरमा कमी रहेको पाइयो, छात्राहरूको सिकाइ उपलब्धि स्तरमा विगतको तुलनामा वर्तमान अवस्थामा वृद्धि भएको पाइयो ।

विद्यालयहरूले विद्यालय सुधार योजना निर्माण गरी कार्यान्वयन गरेको पाइयो, शिक्षकहरूले शिक्षण सिकाइ क्रियाकलापमा विगतको तुलनामा सुधार गरेका पाइयो, दलित तथा पिछाडिएको वर्गहरूको सहभागिता र सक्रियतामा विगतको तुलनामा वृद्धि भएको पाइयो, विद्यालयतर्फबाट समय-समयमा समुदायमा सचेतनासम्बन्धी कार्यक्रमहरू संचालन गरेका जस्ता कुराहरू पाइयो ।

समुदायमा हस्तान्तरण भएका सामुदायिक विद्यालयका कक्षाहरू ३, ७, ६ र ९ मा उत्तीर्ण दर उत्तम पाइयो, छात्राको उत्तीण दरलाई हेर्दा हस्तान्तरण भएका सामुदायिक विद्यालयको उत्तीण दर उत्तम देखियो तर कक्षा ८ मा भने दुवै खाले विद्यालयको उत्तीर्ण दर बरावर पाइयो, छात्र छात्राको बीच तुलना गर्दा समुदायमा हस्तान्तरण भएका सामुदायिक विद्यालयहरूमा कक्षा दोहोऱ्याउने दर छात्राको भन्दा छात्रको केही प्रतिशत बढी पाइयो भने हस्तान्तरण नभएका सामुदायिक विद्यालयमा भने ठीक उल्टो छात्रले भन्दा छात्राले बढी

कक्षा दोहोऱ्याएको पाइयो, प्रत्येक वर्षको कक्षा छाड्ने  दरलाई केलाउँदा मिश्रित खालको पाइयो, माध्यमिक तह पूरा गर्ने विद्यार्थीहरूको संख्या विगतको तुलनामा वृद्धि भएको देखियो ।

समुदायद्धारा व्यवस्थापन हुने विद्यालयहरूको कार्य सञ्चालन निर्देशनका अनुसार विद्यालय व्यवस्थापन समितिले विद्यालयको व्यवस्थापन गर्ने कार्य गर्न खोजिएको पाइयो तर निर्देशिकामा उल्लेख भएका सम्पूर्ण दायित्यहरू विद्यालय व्यवस्थापन समितिले निर्वाह गर्न सकेको देखिदैन ।

## ५.२ निष्कर्ष

यस शोध कार्यमा शोधार्थीले अध्ययन अनुसन्धान गर्दा समुदायमा हस्तान्तरण भएका विद्यालय र हस्तान्तरण नभएका विद्यालयहरूको उपयूक्ततालाई निस्कर्षमा निहालेर हेरिएको छ । उक्त निष्कर्षहरू मध्ये पहिलो प्राथमिकतामा विद्यालयको वर्तमान अवस्थामा हरेक विद्यालयलाई समुदायमा हस्तान्तरण गर्नुपर्ने रहेको छ त्यसैगरी विद्यार्थीलाई कक्षा कार्य, गृहकार्य, निर्माणात्मक मूल्याङ्कनमा संलग्न गराउने वातावरण निर्माण गरेको खण्डमा विद्यार्थीहरूमा नियमित विद्यालय जाने र अध्ययन गर्ने बानीको विकासमा टेवा पुग्ने देखिन्छ, अभिभावक आफ्ना बच्चाको पढाइ प्रति सजग, जागरुक र चेतनशील रहनुपर्ने निष्कर्ष निकालिएको छ ।

सरोकारवालाहरूको आपसी समझदारीमा विद्यालयले नियम र नियमितताको विकास गर्न सके सबैलाई आफ्नो जिम्मेवारी बोध गराउन मद्दत गर्दछ, विद्यालयको पढाइ प्रति बढि जिम्मेवारीको बोध विशेष गरि शिक्षकहरूमा हुनुपर्ने मेरो अध्ययनले देखाएको छ । शिक्षकहरू विद्यालयमा उपस्थित हुदाँ विद्यालयको दैनिक कार्य सुचारु रूपले संचालन हुने र सामान्य परिस्थितिमा पनि विद्यालयमा उपस्थिति नहुने प्रवृत्तिलाई सुधार गर्न सकिएको खण्डमा विद्यालयले राम्रा, जिम्मेवार र सुयोग्य नागरिक उत्पादन गर्न सक्ने कुरामा दुईमत नभएको कुरा मेरो अध्ययनले देखाएको छ ।

समुदायमा हस्तान्तरण भएका विद्यालयमा भन्दा समुदायमा हस्तानतरण नभएका विद्यालयमा विद्यार्थी संख्या धेरै देखिए किनभने सेवा क्षेत्र बढि भएकै कारण यस्तो भएको हो

भन्ने कुराको निचोड मेरो अध्ययनले देखाउदछ । समुदायमा हस्तान्तरण भएका विद्यालयहरूको सेवाक्षेत्र कमीका कारण विद्यार्थी संख्या कमी देखिए तर आन्तरिक दक्षतामा भने समुदायमा हस्तान्तरण नभएका भन्दा समुदायमा हस्तान्तरण भएका विद्यालयहरूको राम्रो प्रगति भएको देखिएको छ । समुदायमा हस्तान्तरण नभएका विद्यालयलाई समुदायमा हस्तान्तरण भएका विद्यालयहरूले केही न केही रूपमा प्रभाव परेको छ र त्यसले खासगरी आन्तरिक दक्षताको लागि थप चुनैती र समस्याहरू सिर्जना गरिदिएको कुरा मेरो अध्ययनले निष्कर्षको रूपमा अगाडी सारेको छ ।

## ५.३ सुझावहरू

यस अध्ययनमा शोधार्थीले प्राप्त निष्कर्षका आधारमा शिक्षा क्षेत्रका विभिन्न तहमा उपयोगी हुने निम्न सुझावहरू प्रस्तुत गरिएको छ ।

### ५.३.१ नीति निर्मातालाई सुझाव

समुदायमा हस्तान्तरण भएका विद्यालयहरूमा आन्तरिक दक्षताको स्थिति राम्रो देखिएको र अभिभावकहरूको पनि सक्रिय सहयोग देखाएकाले आगामी वर्षहरूमा सबै तहका विद्यालयहरूलाई समुदायद्वारा संचालित हुन प्रेरित गर्ने यसका लागि निम्न कार्य गर्ने :- व्यवस्थापन हस्तान्तरणको सही उद्देश्यको बारेमा चेतना जगाउन प्र.अ., वि.व्य.स. सदस्यहरू, अभिभावकहरू र सरोकारवालाहरू समक्ष एक सशक्त कार्यक्रम संचालन गर्ने । समुदायद्वारा व्यवस्थापन भएका विद्यालयहरूले विद्यालयको समग्र विकासका लागि खेलेको भुमिका र शैक्षिक प्रगतिका आधारमा त्यस्ता विद्यालयहरूलाई थप प्रोत्साहन अनुदान उपलब्ध गराउँदै जाने ताकी अन्य विद्यालयहरूलाई पनि यस कार्यक्रमले प्रभाव पारोस् ।

वि.व्य.स. मा वा अन्य सांगठनिक क्रियाकलापहरूमा समावेशीकरणको सुनिश्चितता गर्ने, सरकारी विद्यालयमा भौतिक सुविधाको अवस्था अत्यन्त कमजोर छ । पर्याप्त मात्रामा कक्षाकोठाहरू र कक्षाकोठा भित्र आवश्यक पर्ने डेस्क, बेञ्च र शिक्षण सामग्रीहरू छैनन् । यस्ता सम्पुर्ण कुराहरूमा सुधार ल्याउनु पर्दछ । यसको लागि सरकारले आर्थिक लगानी

बढाउनु पर्दछ, उत्कृष्ट र उदाहरणीय वि.व्य.स. लाई पुरस्कारको व्यवस्था गर्ने र त्यस्ता वि.व्य.स.ले गरेका कार्यहरूका बारेमा अन्य वि.व्य.स.समक्ष उदाहरणको रूपमा प्रचार गर्ने, विद्यालयसँग सम्बन्धित सम्पूर्ण गतिविधिहरू सरोकारवालाहरूको प्रत्यक्ष सहभागितामा संचालन गरिनु पर्दछ ।

विद्यालयले अभिभावकलाई विद्यालयको नियमित भ्रमण गर्न उत्साहित गर्नुका साथै समय समयमा अभिभावक भेलाको आयोजना गर्ने, विद्यार्थी संख्या बढाउन शिशु कक्षाबाट अंग्रेजी र नेपाली माध्यमद्वारा दुई भागमा विभाजन गरी अध्ययन गराउनु पर्दछ । नेपाल सरकार शिक्षा मन्त्रालय मातहतका प्रशासनिक एकाईहरूबाट विद्यालय तहमा शिक्षा ऐन, नियमावली, नीतिनियम, निर्देशन प्रति उच्च सम्मान राख्दै त्यसको कार्यान्वयनको लागि नियमित रूपमा अनुगमन, सुपरीवेक्षण गर्नुपर्ने । शैक्षिक योजनाहरूको प्रभावकारी कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्नुपर्ने र विद्यालय निरीक्षण र श्रोत व्यक्तिहरूलाई प्रभावकारी रूपमा परिचालन गरिनुपर्ने, शिक्षक अभिमूखिकरण तालिमको नियमित व्यवस्था गरी सहजरूपमा सञ्चालित गरिनुपर्ने र उनीहरूलाई अनुसन्धानमुखी बनाइनुपर्ने, स्थानीय समुदायलाई समावेशी सहभागिता र अपनत्वको भावना विकास गर्न प्र.अ.र समुदाय बीचको सम्बन्धमा सुधार ल्याउनुपर्दछ ।

**ख) समुदायमा हस्तान्तरण भएका विद्यालयकालागि सुझाव**

दलित, पिछडिएका जनजाती एवं अपाङ्ग विद्यार्थीलाई विद्यालयमा ल्याउन आवश्यक कार्यक्रम संचालन गरी विद्यार्थी भर्ना दरमा बृद्धि गर्नुपर्ने, विद्यालय जाने उमेरका बालबालिकाहरू समुदायमा कति छन्? पहिचान गरी विद्यालय ल्याउन जोड दिने, बीचैमा विद्यालय छाड्ने, अनियमित हुने, विद्यार्थीहरूलाई नियमित विद्यालयमा ल्याउन आवश्यक कार्यक्रम संचालन गर्ने, नियमित रूपमा स्टाफ बैठक राखी शैक्षिक समस्या समाधान गर्न जोड दिने, विद्यार्थीहरूलाई सामूहिक कार्य गर्न अवसर प्रदान गरी शिक्षण सिकाईको वातावरण बनाउन जोड दिनुपर्दछ ।

विद्यालयको कक्षाकोठामा बसी विद्यार्थीहरू विद्याआर्जन गर्दा बसाइको बातावरण मिलाउन कक्षा कोठाको आकारमा बृद्धि गनुपर्ने देखिन्छ । शौचालयको पर्याप्त व्यवस्था गरिनुपर्ने ,

खानेपानीको पर्याप्त व्यवस्था मिलाउनुपर्ने, खेल मैदानको आकार बृद्धि गर्नुपर्ने, फर्निचरको बृद्धि, मर्मत संभार जस्ता कार्यहरू हुनुपर्ने, भर्ना दरमा बृद्धि गराउन पहल गर्नुपर्ने जस्ता कुराहरूलाई ध्यान दिनुपर्ने देखिएको छ ।

समुदायमा हस्तान्तरण भएका विद्यालयहरूको  विद्यार्थीको भर्ना दर बृद्धि गर्न अभिभावक-शिक्षक बीच अन्तरक्रिया, छलफल तथा संवाद गरी आवश्यक पहल गर्नुपर्ने देखिन्छ साथै विद्यार्थीलाई नियमित उपस्थिति गराउन शिक्षकले आवश्यक पहल गर्नुपर्ने, उपयुक्त शिक्षण सिकाई वातावरणको निमार्ण गर्नुपर्ने, विद्यार्थी उत्तीर्ण दर बृद्धि गर्न आवश्यक योजना बनाई शिक्षण कार्य गर्नुपर्ने, सम्पुर्ण विद्यार्थीले आफ्नो विद्यालयप्रति देखाउने सकारात्मक धारणा बनाउनको लागि शिक्षकले पहल गर्नुपर्ने, पेशागत दक्षता, नियमितता, उत्तरदायित्व पालना, खोज अनुसन्धान, पेशागत स्तर र मर्यादा बृद्धिका लागि निरन्तर रूपमा प्रयत्नशील रहनुपर्दछ ।

समुदायमा हस्तान्तरण भएका विद्यालयका विद्यार्थीलाई नियमित  र स्तरीय पठनपाठनमा उपयुक्त वातावरण निर्माण गर्न सबै पक्षलाई सहयोग पु¥याउनु पर्ने, विद्यालय भित्र र बाहिरको शैक्षिक वातावरण स्वच्छ राख्न प्रयत्नशील रहनुपर्ने, विद्यार्थीले हक हित र सुविधा प्राप्त गर्न जिम्मेवार र मर्यादित किसिमबाट प्रशासन सामु प्रस्तुत हुनुपर्ने, विद्यालयको भौतिक वातावरण सफा राख्न सहयोग पु¥याउनुपर्ने, विद्यालयमा आयोजित अतिरिक्त क्रियाकलापहरूमा सक्रिय रूपले सहभागिता जनाउनु पर्ने देखिएको छ  ।

## ग) समुदायमा हस्तान्तरण नभएका विद्यालयहरूकालागि सुझाव

समुदायमा हस्तान्तरण नभएका विद्यालयहरूका विद्यालय प्रशासन तथा प्र.अ. विद्यालयप्रति पूर्ण रूपमा जवाफदेही हुनुपर्ने, विद्यार्थी भर्नाको लागि आवश्यक पहल गर्नुपर्ने जसले गर्दा गत वर्ष भन्दा भर्ना दरमा वृद्धि होस्, विद्यार्थी उत्तीर्ण दरको अवस्था नाजुक भएकोले सुधारको लागि विभिन्न पहल गर्नुपर्ने, विद्यार्थीले कक्षा दोहो¥याउने दरलाई कम गर्न शिक्षकसँग आवश्यक सर-सल्लाह गरी विद्यार्थीको शिक्षण सिकाई क्रियाकलापलाई विशेष जोड दिनुपर्ने, विद्यार्थीले कक्षा छाड्ने दरको विकराल स्थितिलाई कम गर्न अभिभावक, शिक्षक, बुद्धिजिविसँग सरसल्लाह गरी रोकथाम गर्न प्रयास

गर्नुपर्ने, अभिभावकलाई चेतना दिनको लागि शिक्षक अभिभावक संघ लाई सक्रिय गराउनुपर्ने जस्ता कुरालाई विशेष जोड दिनुपर्ने देखिएको छ ।

समुदायमा हस्तान्तरण नभएका विद्यालयका शिक्षकलाई पेशा प्रति आकर्षण गर्न दण्ड र पुरस्कारको व्यवस्था गर्नुपर्ने, दलित, पिछडिएका एवं अपाङ्ग बालबालिकालाई विद्यालयमा ल्याउन विशेष कार्यक्रम ल्याउनुपर्ने, विद्यालयका लागि आवश्यक योजना निर्माणमा अभिभावक, विद्यार्थी, शिक्षक सबै सरोकारवालाहरूको सहभागिता बढाउनुपर्ने, वि.व्य.स.का पदाधिकारीहरूलाई निरीक्षण, अनुगमन सम्बन्धी ज्ञान, सीप प्रदान गरी नियमित रूपमा निरीक्षण र अनुगमन गर्न लगाउने, उत्तीर्ण गराउनका लागि परीक्षालाई मात्र आधार नबनाई निरन्तर मूल्याङ्कन प्रक्रिया लागु गर्नुपर्ने, विद्यालयको आर्थिक विवरण पारदर्शी रूपबाट अभिभावकहरूलाई जानकारी गराउनुपर्ने, समय-समयमा शिक्षक, वि.व्य.स., अभिभावक तथा विद्यार्थीहरू बीच अन्तरक्रिया कार्यक्रम संचालन गर्नुपर्ने, स्थानीय श्रोत साधनको अधिकतम प्रयोगमा जोड दिई स्थानीय सामग्रीलाई शिक्षण सिकाई प्रयोगमा जोड दिने, कक्षा कोठाको आकार बढाउनुपर्ने, पर्याप्त हावा तथा प्रकाश छिर्न सक्ने बनाउनु पर्ने जस्ता कुराहरूलाई सरोकारवालाहरूले विशेष पहलका साथ सुधार गर्नुपर्दछ ।

समुदायमा हस्तान्तरण नभएका विद्यालयका विद्यार्थी नियमित रूपमा विद्यालयमा उपस्थिति भई शिक्षण सिकाई क्रियाकलापमा सहभागी बन्नुपर्ने, विद्यालयको नियम, निर्देशन र आचारसंहिता प्रति जानकार रही पूर्ण रूपले पालना गर्नुपर्ने, आफ्ना जिज्ञासा र समस्यालाई शिष्ट पूर्वक राख्ने प्रजातान्त्रिक अभ्यास गरिनुपर्ने, विद्यालयमा नियमित र स्तरीय पठनपाठनको उपयुक्त वातावरण निमार्ण गर्न सबै पक्षलाई सहयोग पुऱ्याउनुपर्ने, विद्यालय भित्र र बाहिरको शैक्षिक वातावरण स्वच्छ राख्न प्रयत्नशील रहनुपर्ने, विद्यालयको नियम, निर्देशन र आचारसंहिता प्रति जानकार रही पूर्ण रूपले पालना गर्नुपर्ने, प्र.अ., शिक्षक, कर्मचारी र साथीहरूबीच शिष्ट र आदरपूर्ण व्यवहार प्रदर्शन गरिनुपर्ने, आफ्ना जिज्ञासा र समस्यालाई शिष्टपूर्वक राख्ने प्रजातान्त्रिक अभ्यास गरिनुपर्ने, प्र.अ., शिक्षकका सुझाव र परामर्शलाई सहजतापूर्वक अवलम्वन गरिनुपर्दछ ।

# सन्दर्भ सामग्री


कोईराला, विद्यानाथ र श्रेष्ठ चन्द्रबहादुर (२०५५) शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

काफ्ले, वासुदेव, श्रेष्ठ चन्द्रबहादुर र सिन्हा, रामस्वरुप (२०६४), शैक्षिक प्रकाशन र सुपरिवेक्षण, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल( २०६०) शैक्षिक अनुसंधान पद्दति, काठमाडौं : स्टुडेन्ट बुक्स पब्लिसर्स एण्ड डिष्टिब्युटर्स ।

खनाल, केदार प्रसाद (२०६५), समुदायमा हस्तान्तरण भएका र नभएका सादायिक प्रा.वि.हरुको तुलनात्मक अध्ययन, स्नातकोत्तर अप्रकाशित शोधपत्र, त्रि.वि. शिक्षाशास्त्र संकाय, किर्तीपुर ।

गौतम, जनकराज (२०६३), सार्वजनिक लेखा परिक्षणका अवधारणा शैक्षिक सुचना संगालो, १(१), ५७, ६० ।

नयाँ पत्रिका (२०६६ भाद्र १), काठमाडौं : नयाँ प्रकाशन प्रा.लि. ।

पौडेल, लेखनाथ (२०४९:८३), शैक्षिक प्रशासन र नेपालमा शिक्षा, काठमाडौं : प्रतिभा पुस्तक भण्डार ।

वार्षिक कार्ययोजना, (२०६४/०६५) रुपन्देही धामी सामुदायिक विद्यालयको व्यवस्थापन समितिको छनोट प्रक्रियामा सुधार हुनु पर्ने कि नपर्ने जि.शि.का. रुपन्देही ।

भण्डारी, मुकुन्दप्रसाद (२०६१), नेपालमा प्राथमिक शिक्षा, शैक्षिक उन्नयन, ६ (१), १७ ।

भट्टराई, केशव प्रसाद (२०६४), विद्यालय र समुदाय सम्बन्ध, शिक्षक शिक्षा, थापाथली काठमाण्डौः एकता बुक्स एण्ड डिष्ट्रव्यूटर्स, वर्ष १ पूर्णाङ्क १९ ।

शिक्षा ऐन (२०५८), केहि नेपाल ऐन संशोधन अध्यादेश(२०६१), काठमाडौं : एजुकेशन चित्रण ।

शिक्षा विभाग (२०५९), समुदायद्धारा व्यवस्थापन हुने विद्यालय सञ्चालन कार्य निर्देशिका, भक्तपुर : शिक्षा विभाग ।

शिक्षा विभाग (२०५९), विद्यालय सहयोग कार्यक्रम निर्देशिका, भक्तपुर : शिक्षा विभाग ।

शिक्षा विभाग (२०६३), कार्यक्रम कार्यान्वयन पुस्तिका, भक्तपुर : शिक्षा विभाग, ।

शिक्षा विभाग (२०६४), कार्यमूलक अनुसंन्धान पुस्तिका, सानोठिमी, भक्तपुर ।

शिक्षा विभाग (२०६४), नेपालमा शिक्षा योजना, सानेठिमी, भक्तपुर : नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय शिक्षा विभाग ।

शैक्षिक पत्रिका (२०६५/२०६६), नेपालमा अनुसन्धान र शैक्षिक सुचना, केशर महल काठमाडौ : व्यवस्थापन विभाग, नेपाल सरकार शिक्षा विभाग ।

CERID (2003), Improvement of Internal Efficiency of Primary Education: A Study Report, Submitted to DOE, Kathmandu: Author.

CERID (2003), Management transfer of Public School, Formative Research Project Kathmandu, Author.

# परिशिष्ट १

## प्रधानाध्यापकको लागि अन्तरवार्ता प्रश्नावली

**प्र.अ.को नामः-** **लिङ्गः-**

**विद्यालयको :-** **उमेरः-**

**शैक्षिक योग्यताः-** **हस्ताक्षर :-**

**तलका प्रश्नहरुमा आफ्ना बिचार व्यक्त गर्न अनुरोध गर्दछु ।**

१) समुदायद्धारा विद्यालय व्यवस्थापन जिम्मा लिनु अगाडि विद्यालय र समुदाय बीचको सम्बन्ध कस्तो थियो ?

..........................................................................................

..........................................................................................

२) समुदायद्धारा विद्यालय व्यवस्थापन को जिम्मा लिई सकेपछि विद्यालय र समुदाय बिचको सम्बन्ध कस्तो थियो ?

..........................................................................................

..........................................................................................

३) समुदायद्धारा विद्यालय व्यवस्थापन जिम्मा लिनु अगाडि विद्यार्थी भर्नाको स्थिति कस्तो थियो ?

..........................................................................................

..........................................................................................

४) समुदायद्धारा विद्यालय व्यवस्थापन जिम्मा लिइसके पछि विद्यार्थी भर्नाको स्थिति कस्तो थियो ?

.....................................................................................................

.....................................................................................................

५) समुदायद्धारा विद्यालय व्यवस्थापन जिम्मा लिनु अगाडि विद्यार्थीले कक्षा छोड्ने र दोहोर्‍याउने स्थिति कस्तो थियो ?

.....................................................................................................

.....................................................................................................

६) समुदायद्धारा विद्यालय व्यवस्थापन जिम्मा लिइसके पछि विद्यार्थीले कक्षा छोड्ने र दोहोर्‍याउने स्थिति कस्तो थियो ?

.....................................................................................................

.....................................................................................................

७) तपाईको विद्यालयमा शिक्षकले विषयगत पाठ योजना बनाउने गरेका छन् ?

.....................................................................................................

.....................................................................................................

८) विद्यालयले अभिभावकहरूलाई विद्यालयमा कहिले कहिले बोलाउँछ ?

.....................................................................................................

.....................................................................................................

९) अभिभावकहरू विद्यालयमा कहिले कहिले आउँछन् ? आउँछन भने कस्ता विषयबस्तु लिएर आउँछन् ?

.....................................................................................................

१०) तपाँइको विद्यालयको विद्यार्थी भर्ना बृद्धि गर्न केकस्ता कार्यहरू गर्ने गरेको छ ?

..........................................................................................................

..........................................................................................................

११) विद्यालयमा छात्राहरूको भर्ना दर बन्नुका कारण के-के होलान ?

..........................................................................................................

१२) तपाईको विद्यालयमा देखिएका खास समस्याहरु के-के छन्?

..........................................................................................................

..........................................................................................................

१३) तपाईको विद्यालयमा देखिएका समस्या समाधानका उपायहरु के-के हुन् ?

..........................................................................................................

..........................................................................................................

# परिशिष्ट २

## शिक्षकका लागि अन्तरवार्ता प्रश्नवाली

**शिक्षकको नाम:-** **लिङ्ग:-**

**विद्यालयको नाम :-** **उमेर:-**

**शैक्षिक योग्यता:-** **हस्ताक्षर :-**

१ तपाईको विद्यालयमा शिक्षक, कर्मचारी विद्यार्थी र अभिभावकबीच पारस्परिक सम्बन्धको वातावरण कस्तो छ ?

..........................................................................................................

..........................................................................................................

२) विद्यालयको अनुशासन तथा शिष्टता कस्तो छ ?

..........................................................................................................

..........................................................................................................

३) विद्यालय प्रशासनको निर्देशन एबम् अनुरोधलाई शिक्षकहरूबाट कुन रुपमा सहयोग गर्ने गरिन्छ कि गरिदैन ?

..........................................................................................................

..........................................................................................................

४) कक्षा रुटिङ्ग तयार गर्दा प्र.अ. र शिक्षक स्टाफबीच कत्तिको सल्लाह हुने गर्दछ ?

..........................................................................................................

..........................................................................................................

५) तपाईको विद्यालयमा कुन कुन कार्ययोजना बनाउनु भएको छ ?

..........................................................................................................

..........................................................................................................

६ समुदायद्धारा व्यवस्थापन जिम्मा लिइ सकेपछि शैक्षिक गुणस्तरको लागि विद्यालयको प्रशासनिक संरचना कस्तो छ ?

..........................................................................................................

..........................................................................................................

७) समुदायद्धारा व्यवस्थापन जिम्मा लिइ सकेपछि विद्यालयको भौतिक एवं मानबीय स्रोतसाधनको परिचालन कुन रुपमा भएको पाउनु भएको छ ?

..........................................................................................................

..........................................................................................................

८) कक्षा शिक्षणमा सुधार ल्याई शैक्षिक गुणस्तर बढाउन के गर्नुपर्ला ?

..........................................................................................................

..........................................................................................................

९) तपाईको विद्यालयको भौतिक सुविधाको अवस्था कस्तो छ?

..........................................................................................................

१०) विगतमा शैक्षिक सामग्रीहरू प्रयोग गर्नुभएको थियो ?

..........................................................................................................

..........................................................................................................

११) तपाईको विद्यालयमा देखिएका खास-खास समस्याहरु के-के हुन् ?

..........................................................................................................

..........................................................................................................

१२) तपाईको विद्यालयमा देखिएका खास-खास समस्याहरुलाई समाधान गर्ने उपायहरु के-के हुन् ?

..........................................................................................................

..........................................................................................................

# परिशिष्ट ३

## वि.व्य.स.का लागि अन्तरवार्ता प्रश्नावली

**नामः-** **पदः-**

**ठेगाना :-** **विद्यालयः-**

१ तपाई वि.व्य.स.मा रहेर काम गर्नुभएको समय कति भयो ?

.........................................................................................................

.........................................................................................................

२) समुदायद्धारा विद्यालय व्यवस्थापनको जिम्मा लिनु अगाडि विद्यालय र समुदायबीचको सम्बन्ध कस्तो थियो ?

.........................................................................................................

.........................................................................................................

३) विद्यालको व्यवस्थपानमा समुदायको सहभागिता कस्तो पाउनु भएको छ ?

.........................................................................................................

.........................................................................................................

४) विद्यालयमा आउन नसकेका बालबालिकालाई विद्यालयमा ल्याउन के-कस्ता पहलहरू भएका छन् ?

.........................................................................................................

.........................................................................................................

५) विद्यालयको आर्थिक स्थिति तथा भौतिक सुविधा विस्तार गर्न वि.व्य.स.ले कस्ता कार्यक्रमहरू सञ्चालन गर्दै आइएको छ ?

.............................................................................................

.............................................................................................

६) तपाई संलग्न भएको वि.व्य.स. समावेशि छ कि छैन ? छैन भने के कारणले समावेशी नभएको हो ?

.............................................................................................

.............................................................................................

७) विद्यालय समुदायमा हस्तान्त्रण भएपछि कुन कुन पक्षको सुधार भएका छन् ?

.............................................................................................

.............................................................................................

८) विद्यालयको प्रभावकारी व्यवस्थापनका लागि विद्यालय व्यवस्थापन समितिले गर्ने कार्यमा विगत र वर्तमानमा के के अन्तर पाउनुभएको छ ?

.............................................................................................

९) विगतमा विद्यालयको कार्यक्रममा समुदायको सहभागिता कस्तो रहेको थियो ? वर्तमानमा समुदायको सहभागिता कस्तो रहेको छ ?

.............................................................................................

१०) तपाईको विद्यालयमा देखिएका मुख्य-मुख्य समस्याहरु के-के हुन् ?

.............................................................................................

.............................................................................................

११) तपाईको विद्यालयमा देख्नुभएको खास-खास समस्याहरुलाई कसरी समाधान गर्ने योजना बनाउनु भएको छ ?

.....................................................................................................

.....................................................................................................

## समुदायमा हस्तान्तरण भएका र नभएका विद्यालयहरूको अवस्था

## परिशिष्ट ४

### अभिभावकका लागि अन्तरवार्ता प्रश्नावली

**नामः-**

**बालबालिकाले पढने विद्यालय :-** **ठेगानाः-**

१. विगतमा आफ्ना छोरा छोरी पढ्ने विद्यालयमा बर्षमा कति पटक जानु भएको थियो ?

........................................................................................................

........................................................................................................

२. समुदायद्धारा व्यवस्थपान जिम्मा लिइसके पछि विद्यालयमा वर्षमा कतिपटक जानुभएको छ ?

........................................................................................................

........................................................................................................

३. विगतमा विद्यालय परिवारसंग तपाईको सम्बन्ध कस्तो थियो ?

........................................................................................................

........................................................................................................

४. समुदायद्धारा व्यवस्थापन जिम्मा लिइसकेपछि विद्यालय परिवारले कस्तो व्यवहार गरेका छन् ?

........................................................................................................

........................................................................................................

५. विगतमा प्र.अ.तथा शिक्षकहरूको नियमितता कस्तो थियो ?

.............................................................................................................

.............................................................................................................

६. वर्तमान अनवस्थामा प्र.अ. तथा शिक्षकहरूको नियमितता कस्तो छ ?

.............................................................................................................

.............................................................................................................

७. समुदायद्धारा व्यवस्थापन जिम्मा लिइसकेपछि विद्यालयको शैक्षिक स्तर कस्तो लाग्छ ?

.............................................................................................................

.............................................................................................................

८. विद्यालयले विद्यार्थीको शैक्षिक प्रगतिको जानकारी तपाइलाई दिने गरेको छ ?

